# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ४२ | काठमाडौं | सोमबार, २१ जेठ २०८१ | Prabhab National Daily | Monday, June 3, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

# सिक्किममा फेरि प्रेमसिंह तामाङ



■ प्रभाव संवाददाता

**काठमाडौं–** सिक्किममा मुख्यमन्त्री प्रेमसिंह तामाङको दल सिक्किम क्रान्तिकारी मोर्चाले ३२ मध्ये ३१ प्रदेशसभा सिट जितेको छ । आइतबारको अन्तिम नतिजाअनुसार अब प्रेमसिंह पुनः मुख्यमन्त्री बन्ने पक्का भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् । प्रेमसिंह पोकलोक कमराङ क्षेत्रबाट पुनः निर्वाचित भएका छन् ।

उनलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई दिँदै सहकार्य गरी अघि बढ्ने वाचासमेत गरिसकेका छन् । गत अप्रिल १९ मा भएको निर्वाचनको अन्तिम मत परिणामपछि तामाङले भनेका छन्, 'यो जितको श्रेय कार्यकर्ता हुन् । मैले भाषणमात्र गरें । मभन्दा ज्यादा कार्यकर्ता खटे । नसुती नसुती खटे ।' विजय

- तामाङको दल सिक्किम क्रान्तिकारी मोर्चा ३२ मध्ये ३१ प्रदेशसभा सिटमा विजयी, प्रधानमन्त्री मोदीले दिए बधाई
- तामाङ पुनः मुख्यमन्त्री बन्ने पक्का भएको भारतीय सञ्चारमाध्यमहरूको भनाइ
- सन् १९९४ देखि २०१९ सम्म सिक्किममा राज गरेका पवन चाम्लिङले दुई स्थानबाट उम्मेदवारी दिएकामा दुवै स्थानमा पराजित

र्‍यालीलाई सम्बोधन गर्दै तामाङले नयाँ मतदातालाई विशेष धन्यवाद दिए । 'नयाँ मतदाता जो हामीतिर आउनुभयो । युवाहरूले हामीलाई साथ दिनुभयो । सबैलाई धेरै धेरै धन्यवाद,' तामाङले शपथसमेत जनताको माझमा लिने वाचा गरे ।

एक सिट भने यहाँ सिक्किम डेमोक्रेटिक फ्रन्टले जितेको छ । सन् १९९४ देखि २०१९ सम्म सिक्किममा राज गरेका पवन चाम्लिङको दल सिक्किम डेमोक्रेटिक फोरमले १४ सिट गुमाउँदै एक स्थानमा चित्त बुझायो । जबकि चाम्लिङले दुई स्थानबाट उम्मेदवारी दिएकोमा दुवै स्थानमा उनी पराजित भए ।

### यसरी उदाए तामाङ

सुरुमा प्रेमसिङ चाम्लिङकै दल एसडिएफमा थिए । सन् १९९४ मा उनले चाम्लिङसँगै मिलेर एसडिएफ गठन गरेका थिए । २६ वर्षको उमेरमा सांसद बनेका तामाङ २० वर्षसम्म चाम्लिङकै साथमा रहे । चाम्लिङले २५ वर्ष शासन गर्दा तामाङ पनि १५ वर्षसम्म मन्त्री भए । सन् २०१३ मा भने पवनसँग प्रेमसिंहको ठाकठुक चल्यो । प्रेमसिंहले पवनलाई नातावादी र भ्रष्टाचारीको आरोप लगाएर पार्टी छाडे । त्यसपछि उनले नयाँ दल एसकेएम गठन गरे । वर्षदिनमै सन् २०१४ को निर्वाचनमा एसकेएमले १० सिट जित्यो । सन् २०१७ मा गाई वितरण कार्यक्रममा भ्रष्टाचार गरेको अभियोगमा प्रेमसिंह जेल परे । त्यतिबेला उनलाई १० लाख भारतीय रूपैयाँ भ्रष्टाचार गरेको आरोप लागेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

# बस्नेतको मुद्दा देखाएर रवि तर्साउँदै कांग्रेस



रवि लामिछाने



गीता बस्नेत

त्यो गोर्खा मिडिया सञ्चालन गर्ने त्यसका मालिक जिबी होस् कि, छवि होस् कि, रवि होस् कि कवि होस्, उसलाई पनि बोलाउँछ । बकाइदा बोलाउँछ । छानबिन गर्छ । बयान लिन्छ ।

■ **गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**



■ जेबी योञ्जन

- राप्रपा सांसद गीता बस्नेतसहित ३५ जनाविरूद्ध बचत अपचलनमा मुद्दा दर्ता
- बस्नेतविरूद्ध मुद्दा दर्तापछि गृहमन्त्री लामिछानेविरूद्ध पनि सहकारी अपचलनमा बयान लिएर मुद्दा प्रक्रिया अघि बढाउन कांग्रेसको दबाब
- सहकारीको बचत अपचलन नगरेको गृहमन्त्री लामिछानेको प्रस्टीकरण

**काठमाडौं–** उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने जसरी सहकारीको बचत अपचलन गरेको आरोप लागेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद गीता बस्नेतविरुद्ध मुद्दा दायर भएको छ । १६ करोड ५८ लाख बचत रकम छिपछिपे सहकारी उपभोक्ता संस्थाको अपचलन गरेको आरोप उनीसहित ३५ जनाविरुद्ध थियो । आइतबार जिल्ला न्यायाधिवक्ताको कार्यालयले जिल्ला अदालतमा बचत अपचलन गरेको भन्दै उनीहरूविरुद्ध मुद्दा दायर गरेको न्यायाधिवक्ता हरि घिमिरेले बताए । उनका अनुसार उनीहरूविरुद्ध सहकारीको रकम हिनामिना र ठगी शीर्षकमा मुद्दा दर्ता गरिएको हो ।

सर्वसाधारणले बचत गरेको रकम हिनामिना गर्ने सांसद बस्नेतसँगै सञ्चालक समितिका हालका अध्यक्ष गोपी शर्मा, व्यवस्थापक योगेन्द्र पाण्डे, पूर्वसचिव नगेन्द्रबहादुर रिमाललगायत छन् । रिमाल सांसद बस्नेतका ज्वाइँ हुन् । रिमालले विनाधितो ९६ लाख रूपैयाँ बर्दियाको गुलरियामा रहेको कृष्णसार रिसोर्टमा लगानी गरेको प्रहरीको दाबी छ । रिसोर्टको अध्यक्ष सांसद बस्नेत हुन् । सहकारी ऐनमा सहकारीका सेयर सदस्य र नियमित बचतकर्ताबाहेक अन्य व्यक्तिलाई ऋण दिन नपाइने व्यवस्था छ । तर, सेयर नै नभएको कृष्णसार रिसोर्टमा सोझै ९६ लाख सावा रकम लगानी गरेको देखिएको छ । र, बस्नेतसहित ३५ जनाबाट १६ करोड ५८ लाख ९२ हजार २६१ रूपीयाँ अपचलन भएको र उक्त रकम असुलउपर, हर्जना र कैद सजायको माग पीडित बचतकर्ताहरूले राखेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

## पाँच लाख फिर्ताको मोडालिटी अन्योलग्रस्त

सहकारीको बचत अपचलन भएपछि सहकारीपीडित लामो समयदेखि सडकमा छन् । बचत फिर्ताको एक सूत्रीय माग उनीहरूको छ । यसले दबाबमा परेको सरकारले यही १५ जेठमा ल्याएको बजेटमै समस्याग्रस्त सहकारीको पाँच लाख रूपैयाँसम्मको बचत सञ्चालक र एकाघरका परिवारको सम्पत्ति धितोमा फिर्ता गर्ने घोषणा गरेको छ ।

तर, उक्त रकम फिर्ता गर्ने स्रोत कसरी जुटाउने भन्नेमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण नै अलमलमा देखिएको छ । 'एउटा कोष बनाएर त्यसमार्फत बचत दायित्व फिर्ता गर्न सहज हुन्छ भन्ने राय पनि दिएको हो । सञ्चालकको धितो राख्दा पनि बचत फिर्ता गर्न पैसा कहाँबाट दिने ? त्यसका लागि कोष नै बनाउनुपर्छ भन्ने हाम्रो बुझाइ हो,' मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले भने ।

सञ्चालक र उनीहरूको एकाघर परिवारका सदस्यको सम्पत्ति धितोमा राख्दा पनि त्यसलाई लिलाम गरेर तत्काल नगद व्यवस्थापन गर्न सक्ने अवस्था नहुने भएकाले अहिलेलाई कोष नै खडा गर्नुपर्ने उनको तर्क छ ।

अहिलेसमम्म पाँच लाख रूपैयाँको बचत फिर्ता गर्दा कति रकम हुन्छ भन्ने तथ्यांक मन्त्रालयसँग छैन । पाँच लाख रूपैयाँसम्म बचत हुनेले सबै बचत फिर्ता पाउने र पाँच लाखभन्दा बढीको बचत हुनेले भने पाँच लाखसम्मको मात्रै बचत फिर्ताको सुनिश्चितता गर्न मन्त्रालयले चाहेको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# 'वैदेशिक रोजगारीमा जाने युवाहरूमाथि आर्थिक शोषण'



बेरोजगार युवामाथि व्यापार भइरहेको छ । आम्दानीको स्रोत बनाइएको छ । तिनीहरूलाई प्रयोग गरिएको छ । यो कार्य तत्काल रोक्नुपर्छ ।

■ **प्रभु साह**
**प्रतिनिधिसभा सदस्य**

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा सदस्य एवं आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले वैदेशिक रोजगारीमा जाने युवाहरूमाथि चरम अत्याचार भइराखेको बताएका छन् । आइतबार प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्दै उनले वैदेशिक रोजगारीमा जाने युवाहरूमाथि हुने आर्थिक शोषण र ठगीका कारण चरम अत्याचार भइराखेको बताएका हुन् ।

म्यानपावर व्यावसायीले विदेश जाने युवाहरूसँग गैरकानुनीरूपमा तोकिएभन्दा बढी रकम लिइरहेको अवस्थामा सरकार मूकदर्शक बनेको आरोपसमेत उनले लगाए । 'विदेश जानेसँग १० हजार रूपैयाँभन्दा बढी सेवा शुल्क लिन नपाउने प्रावधान छ, तर म्यानपावर एजेन्टले लाखौं रूपैयाँ असुल गरिरहेका छन्,' साहले भने, 'तिनले गैरकानुनीरूपमा दिनुपरेको रकम फिर्ता पाउने अवस्था छैन, सरकार नै गम्भीर नभएका कारण वैदेशिक रोजगारीमा जाने युवाहरू ठगिन बाध्य भइराखेका छन् ।'

सरकारले न्याय दिलाउन नसके र अत्याचार नरोकिए जनताबाटै विद्रोह हुन सक्ने साहले चेतावनी दिए । नेपालको संविधानले रोजगारीलाई मौलिक अधिकारको रूपमा स्थापित गरे पनि सरकार गम्भीर नहुँदा बेरोजगारीमाथि नै व्यापार हुने अवस्था बनेको उनको भनाइ छ । 'बेरोजगारमाथि व्यापार भइरहेको छ, बेरोजगार युवालाई आम्दानीको स्रोत बनाइएको छ, तिनीहरूलाई प्रयोग गरिएको छ,' सांसद साहले भने ।

उनले गैरकानुनीरूपमा रकम लिने म्यानपावर सञ्चालकलाई नियन्त्रणमा लिएर कारबाही गर्न सरकारसँग आग्रह गरे । त्यस्तै युवाहरू मेडिकल परीक्षण पास गरेर विदेश जाने गरेको भए पनि विदेश पुगेर मृत्युवरण गर्नुपर्ने अवस्था आएकोप्रति खोजी गरिनुपर्ने उनको भनाइ छ । 'मेडिकल टेस्ट गरेर युवाहरू विदेश गएका हुन्छन्, उनीहरू निरोगी हुन्छन्, तर, विदेशमा कसरी मर्छ ? यसबारे छानबिन गर्न नपर्ने हो ?,' साहले प्रश्न गरे ।

उनले नेपालमा बेरोजगारलाई विदेश पठाउने नाममा उनीहरूलाई नै व्यापार गर्ने जस्तो कार्यमा सरकारमा रहेका व्यक्तिहरू, राजदूतहरू, वैदेशिक रोजगार विभागमा रहेका अधिकारीहरू समेत संलग्न रहेको हुन सक्ने उनको आशंका व्यक्त गरे । वैदेशिक रोजगारीका सन्दर्भमा पीडकहरूले नै लाभ लिइरहेको उल्लेख गर्दै सांसद साहले यसलाई रोक्न सरकारले समयमै ध्यान नदिए जनता चुप लागेर नबस्ने बताए । विभिन्न दलका सांसदहरूले विभिन्न समयमा वैदेशिक रोजगारीको क्षेत्रमा देखिएको समस्यालाई उठाउँदै आएका छन् । उनीहरूले रोजगारीको खोजिमा विदेशिने युवाहरूको समस्या सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।

## रोजगारीका लागि दुई हजारको आवेदन

**काठमाडौं (प्रस)–** मधेस प्रदेशको जनकपुरमा आयोजित दुईदिने श्रमाधान रोजगार मेलामा दुई हजार युवाले रोजगारीका लागि आवेदन दिएका छन् । शनिबार र आइतबार सञ्चालन गरिएको मेलामा करिब छ हजार व्यक्ति अवलोकनका लागि सहभागी भएका थिए । सहभागीमध्ये दुई हजार युवाले रोजगारीका लागि आवेदन दिएका हुन् । मेलामा आवेदन दिएकामध्ये रोजगारीका लागि होटलतर्फ १०५ जना, अटोमोवाइल क्षेत्रमा ३५, बैंकिङ क्षेत्रका लागि २७ र सेक्युरिटी गार्डतर्फ ८० जना गरी जम्मा २४७ जना आवेदकहरूलाई अन्तरवार्ताका लागि बोलाइएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

मेलामा उद्योग प्रतिष्ठानका १४, होटलहरू चार, रोजगारसम्बन्धी तालिम प्रदायक संस्थाा ११, बैंक तथा वित्तीय संस्था दुई तथा नेपाल सरकार, श्रम मन्त्रालय, श्रम तथा रोजगार कार्यालय जनकपुर र रोजगार सूचना केन्द्रसमेत छ वटा गरी जम्मा ३७ वटा स्टल राखिएका थिए ।

आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्ने तथा वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने उद्देश्यले आयोजित 'श्रमाधान रोजगार मेला'को श्रम मन्त्रालय, मधेस प्रदेशको श्रम तथा यातायत मन्त्रालय र वीरगञ्ज महानगरपालिका, जनकपुर, कलैया, जीतपुर सिमरा उपमहानगरपालिका र चन्द्रपुर नगरपालिका आयोजकका रूपमा रहेका थिए ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्र (सामी) र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पुन एकीकरण परियोजना (रेमी)ले पनि मेलामा विशेष सहयोग गरेको बताइएको छ ।



# बजेट कटौतीको विरोधमा स्थानीय तहका जनप्रतिनिधि

**काठमाडौं (प्रस)–** स्थानीय तहका जनप्रतिनिधिले संघीय सरकारबाट कटौती भएको वित्तीय समानीकरणको बजेट माग गर्दै अर्थमन्त्रीको ध्यानाकर्षण गराएका छन् । नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघको टोलीले आज अर्थमन्त्री वर्षमान पुनलाई भेटेर वित्तीय समानीकरणको बजेट कटौती भएको भन्दै उक्त बजेट तुरुन्त पठाउन माग गरेको हो ।

नेपाल नगरपालिका संघका अध्यक्ष भीम ढुंगानाले चालु आव २०८०/८१ को अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदान सरकारले कटौती गरेपछि स्थानीय तह निकै समस्यामा परेको बताए । उनले काटिएको बजेट तत्काल पठाउन माग गरिएको बताए । 'बजेट काटिएपछि स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्तालाई दिनुपर्ने रकम दिन सकिएको छैन, स्थानीय तहको बजेट कटौती स्थानीय सरकारलाई कमजोर बनाउनु हो,' उनले भने ।

गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले सरकारले संविधानविपरीत वित्तीय समानीकरणको बजेट कटौती गरेको आरोप लगाइन् । उनले चालु आर्थिक वर्षको अन्त्यमा आफूहरूलाई बजेट भुक्तानीको दबाब पर्ने भन्दै बजेट अभावमा निर्माण सम्पन्न भइसकेका आयोजनाको भुक्तानी दिन समस्या हुने स्पष्ट पारिन् । उनीहरूले स्थानीय तहमा अनुदान रकम नगएमा आफूहरू आन्दोलनमा जान बाध्य हुने चेतावनीसमेत दिए ।

# 'मातृभाषा पत्रकारितालाई सरकारले प्रोत्साहित गर्नुपर्छ'

**भक्तपुर–** उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले मातृभाषाको संरक्षण र विकासमा सरकारले ध्यान दिने बताएका छन् । आइतबार भक्तपुरमा सम्पन्न प्रथम अन्तर्राष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलनमा उनले सरकारी निकायले पनि मातृभाषाको संरक्षण र विकासमा ध्यान दिनुपर्ने बताएका हुन् ।

उनले भने, 'मातृभाषामा पत्रकारितालाई सरकारले प्रोत्साहित गर्नु आवश्यक छ, सरकारी निकायले पनि यसमा ध्यान दिनु जरुरी छ, मातृभाषामा प्रकाशन वा प्रसारण भएका सञ्चारमाध्यमप्रति सम्मान व्यक्त गर्न चाहन्छु, किनकि यसले मौलिक कला, संस्कृति र इतिहासलाई जोगाउन योगदान पुऱ्याएको छ ।'

# 'काँठे बस्तीमा होमस्टे सञ्चालन उपयुक्त'



**काठमाडौं (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले काठमाडौं उपत्यका नजिक चक्रपथबाहिरका काँठे बस्तीहरूमा होमस्टे (घरवास) कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने बताएका छन् । हाँडीगाउँ सामुदायिक घरवासको वार्षिक उत्सव र नयाँ घरवासको उद्घाटन कार्यक्रममा आइतबार उनले सहरभन्दा नजिक उपत्यकाको काँठ क्षेत्रमा घरवास कार्यक्रम विस्तार गर्न सकिने बताए ।

विदेशी तथा स्वदेशी पर्यटकलाई रैथाने तथा अर्ग्यानिक खानाको स्वादसँगै मौलिक कला, संस्कृति देखाएर आर्थिक लाभ लिन सकिने भन्दै मन्त्री तामाङले घरवासलाई व्यावस्थित र उद्देश्यमूलक बनाएर सञ्चालन गर्नुपर्नेमा जोड दिए । 'सहरी क्षेत्रमा रहेका घरमा आगन्तुक पाहुनालाई खाना र बासको व्यवस्था मिलाउने तथा सत्कार सेवावापत निश्चित रकम लिने गरी होमस्टे सञ्चालन गर्न सकिन्छ, यसको उदाहरणका रूपमा हाँडीगाउलाई लिन सकिन्छ । त्यसैले अब हाँडीगाउँमा मात्रै सीमित नराखी सहरका अन्य कुनामा पनि घरवास सञ्चालन गरी त्यहाँको मौलिक कला, संस्कृति, संस्कारको संरक्षण र प्रचार गर्न लाग्नुपर्छ,' उनले भने ।

मन्त्री तामाङले मौलिक परम्परागत शैली र स्थानीय स्रोतसाधनको प्रयोग गरेर पुरानो शैलीमा बनाइएका आवास, संस्कृति, प्रकृति, जीवनशैली र भाषा, संस्कृति, कला सम्पदा आदिको जानकारी लिन पर्यटकका लागि घरवास उपयोगी हुने विश्वास व्यक्त गरे । कार्यक्रममा हाँडीगाउँ सामुदायिक घरवासकी अध्यक्ष शकुन्तला घिमिरेले ११ घरबाट सञ्चालन गरिएका घरवासमा हाल २७ वटा घर आबद्ध भएको र ५० घर पुऱ्याउने योजना रहेको बताइन् । हाँडीगाउँ आफैंमा महत्त्वपूर्ण इतिहास बोकेको स्थान भएको भन्दै उनले यहाँको मौलिक खानाका परिकारसँगै पाहुनालाई मौलिक संस्कार, सस्कृति र पहिरनका साथ सत्कार गर्ने गरिएको बताइन् ।

## पृष्ठ १ बाट क्रमशः

### बस्नेतको मुद्दा...

सडकदेखि सदनसम्मै सहकारीको बचत अपचलनबारे चर्को बहस भइरहेका बेला सांसद बस्नेतलगायतविरुद्ध मुद्दा दायर भएको हो । यसलाई लिएर प्रमुख विपक्षी नेपाली कांग्रेसले गृहमन्त्री लामिछानेलाई पनि हालै गठित संसदीय छानबिन समितिले बयान लिएर मुद्दा दर्ता प्रक्रिया अगाडि बढाउने जनाएको छ । पार्टी महामन्त्री गगनकुमार थापाले आइतबारको संसद बैठकमा विशेष समय लिँदै भने, 'त्यो गोर्खा मिडिया सञ्चालन गर्ने त्यसका मालिक जिबी होस् कि, छवि होस् कि, रवि होस् कि कवि होस् उसलाई पनि बोलाउँछ । बकाइदा बोलाउँछ । छानबिन गर्छ । बयान लिन्छ ।'

गृहमन्त्री लामिछानेलाई लक्षित गर्दै नलागेको विष लाग्न नहुने बताएका थापाले यसअघि रवि प्रबन्ध निर्देशक रहेको गोरखा मिडिया नेटवर्कमा विभिन्न सहकारीबाट आएको रकमबारे गम्भीरतापूर्वक छानबिन हुने पनि बताए । 'सूर्यदर्शनलगायतका सहकारीहरू जसबाट गोर्खा मिडियामा रकम गएको छ । त्यो रकम एक रूपैयाँ गएको पनि गैरकानुनी हो,' थापाले भने, 'त्यो गैरकानुनी रकम प्रवाह भएको बारेमा अध्ययन हुन्छ । यो समितिले सहकारीको खाता पनि पल्टाउँछ । गोर्खा मिडियाको खाता पनि पल्टाउँछ ।'

उनले राप्रपा सांसद बस्नेतलाई जसरी छिपछिपे सहकारी उपभोक्ता संस्थामा भएको बचत अपचलनलाई लिएर मुद्दा दायर भयो, त्यसरी नै रविविरुद्ध पनि मुद्दा प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिए । आइतबार नै लामिछानेविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीमा दर्ता भएर विचाराधीन रहेको जाहेरी सर्वोच्च अदालतले झिकाउन आदेश दिएको छ । न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासमा भएको सुनुवाइपछि अदालतले उत्प्रेषण परमादेश जारी गर्दै महान्यायाधिवक्ताको कार्यालयबाट लेखिएको पत्र र कास्की प्रहरीमा दर्ता भएको जाहेरी दरखास्तको प्रमाणित प्रतिलिपि झिकाउन भनेको हो । आदेशमा यो विषय चाँडो टुंगो लगाउनुपर्ने प्रकृतिको देखिएकोले आगामी जेठ २८ गते छलफल हुने मिति तोकिएको छ ।

महान्यायाधीवक्ता दिनमणि पोखरेलले यसअघि लामिछानेलाई सहकारी ठगीमा कहीँ पनि कुनै उजुरी र अनुसन्धान नभएको भन्दै सफाइ दिएका थिए । त्यसविरुद्ध अधिवक्ता अनुपम भट्टराईसहितले सर्वोच्चमा रिट दायर गरेका थिए । उक्त रिटको सुनुवाइ गर्दै न्यायाधीश श्रेष्ठले मुद्दालाई अग्राधिकार दिँदै त्यससम्बन्धी जाहेरी झिकाउन आदेश दिएका हुन् ।

लामिछाने पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, चितवनको सहारालगायत सहकारीको बचत अपचलनमा मुछिएका छन् । कतिपय प्रमाणहरू नै सार्वजनिक भइसकेका छन् । हाल बुटवलको सुप्रिम सहकारीको मुद्दा अदालतमा दर्ता भइसकेको छ । अभियोगपत्रमा लामिछानेले बिनाधितो र प्रक्रिया ऋण लिएको उल्लेख छ । अनुसन्धान प्रतिवेदनका नौ ठाउँमा लामिछानेको नाम उल्लेख छ । तर, उनलाई प्रतिवादी भने बनाइएको छैन । गृहमन्त्री लामिछानेले भने सहकारीको बचत अपचलनमा आफ्नो संलग्नताको आरोप सीधै अस्वीकार गर्दै आएका छन् ।

■■■

### सिक्किममा फेरि ...

एक वर्ष जेल बसेका तामाङले समर्थक यति धेरै पाए कि सन् २०१९ मा आफ्नो दललाई १७ सिट जिताए । पछि पवनकै पार्टीका चार सांसद आफ्नो दलमा भित्र्याउँदै पहिलोपटक मुख्यमन्त्री बन्न सफल भए । शिक्षकबाट करिअर सुरु गरेका तामाङ सन् १९६८ फेब्रुअरी ५ मा पश्चिम सिक्किममा जन्मिएका हुन् । कालुसिंह तामाङ र धनमाया तामाङका छोरा प्रेमले दार्जीलिङको दार्जीलिङ गभर्मेन्ट कलेजबाट स्नातक गरेका छन् । सन् १९९० देखि सन् १९९३ सम्म सरकारी शिक्षकका रूपमा कार्यरत प्रेमले तीन वर्ष अध्यापन गराएपछि राजनीतिमा लागेका थिए । कृष्णा राईसँग विवाह गरेका उनका एक छोरा आदित्य तामाङ छन् ।

एसडिएफको युवा संगठनको उपाध्यक्ष बनेका उनी २६ वर्षको उमेरमा चाङकुङबाट राज्यसभामा चुनिए । त्यही साल उनी पशुपालनमन्त्री भए । सन् १९९९ मा चाङकुङबाटै सांसद चयन भएपछि उनले २००४ सम्म उद्योग मन्त्रालयको जिम्मेवारी सम्हाले । सन् २००४ को चुनावमा तामाङले भारतीय राष्ट्रिय कंग्रेसका सतिशमोहन प्रधानलाई हराए ।

त्यसपछि उनले सन् २००९ सम्म आवास मन्त्रालय सम्हाले । सन् २००९ मा भएको राज्यसभा निर्वाचनमा उनले भारती कंग्रेसका अरूणकुमार सिंहलाई पराजित गरे । त्यसपछि पवनसँग उनको कुरा मिलेन । सन् २०१४ सेप्टेम्बर ६ मा उनले एसडिएफबाट राजीनामा दिएर एसकेएम गठन गरे । सन् २०१९ को चुनावपछि त २५ वर्ष सिक्किममा राज गरेका चाम्लिङको शासन अन्त्य गरे ।

जनताका समस्यामा साथ दिएका कारण उनको दललाई मन पराएको बताइएको छ । तामाङले अब आफू एकपटक मात्र मुख्यमन्त्री बन्ने र नयाँलाई जिम्मेवारी छाड्ने प्रतिबद्धतासमेत जनाएका छन् । 'दुई कार्यकालभन्दा बढी मुख्यमन्त्री बन्ने छैन । दलको अर्को नेतालाई यो जिम्मेवारीका अवसर प्रदान गर्ने छु,' उनले भनेका छन् ।

*(भारतीय समाचार संस्थाहरूको सहयोगमा)*


# मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रे
बागमती प्रदेश, नेपाल ।
फोन न. ०११४१२११४

## क्याटलग सपिङ्गको माध्यम मार्फत दुई पाङ्ग्रे सवारी साधन खरिद सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०१/०२/२१)

यस नगरपालिकाको लागि आवश्यक देहाय वमोजिम सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले मौजुदा सूचि तयार गर्ने प्रयोजनको लागि इच्छुक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक बिक्रेताहरूलाई मिति २०८१।०२।२८ गते दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा बोसर) संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. देहाय बमोजिमका सवारी साधनः

| क्र.सं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाईकल | Note less then 199, 4 strokes engine petrol having single cylinder assembly with 4 Valves oil-Cooled with maximum net power not less then 14 KW and Torque within 18 Nm at RPM within 5000 to 6500, minimum 220mm ground Cleareance, Kerb weight not less then 150 Kg with both disc brakes with front ABS | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत, Technical Specification बमोजिम हुनेछ । Technical Specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ । |

२. प्रस्ताव पेश गर्न इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताले प्रस्ताव साथ उक्त सवारी साधन बिक्री गर्न सम्बन्धित निकायबाट प्राप्त भएको अनुमती पत्र, सो को अद्यावधिक नविकरण पत्र, स्थायी लेखा नम्बर (Pan) तथा मूल्य अभिवृद्धि करदत प्रमाणपत्र, आ.व. २०७९/८० सम्मको करचुक्ता प्रमाणपत्र, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात पेश गर्नुपर्नेछ ।
३. मिति २०८१/०२/२८ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ । दर्ता गरिएका सिलबन्दी प्रस्तावहरू सोहि दिन १४:०० बजे खोलिनेछ ।
४. पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।
५. यस कार्यालयबाट स्विकृत सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालय वा यस कार्यालयको वेबसाइट https://mandandeupurmun.gov.np/ बाट प्राप्त गर्न सकिनेछ ।



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WESTERN BAINOONA GROUP (WBG)
पूर्व स्वीकृति मिति : २०८१/०२/२० | LT. No. 305669 | चलानी नं. ६०२२०४०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Raod Main. Worker | 250 | 0 | 800 | २९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Golden Gateway Internatioal P. Ltd.
श्रम ईजाजत नं. १४४३/०७४/०७५
P.o.Box. No. 10443, Ekata Tole, Sinamangal-9, Kathmandu, Nepal
Tel No. +977-1-4448156, 4465976, E-mail : goldengatewayintenational@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VIA BEAUTY SALON COMPANY FOR LADIES
पूर्व स्वीकृति मिति २०८०/०२/२० | LT No : 305607 | चलानी नं ६०२२०३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 2 | 150 | ६५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 2 | 150 | ६५,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
श्रम ईजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EXPERTISE CONTRACTING CO
पूर्व स्वीकृति मिति २०८०/१२/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२० | LT. No. :303342 | चलानी नं. ६०२१८१३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 24 | 0 | 1000 | ३५,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ३०/३१/३२ गते (12/13/14 June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAIBAH BINT SALEH BIN IBRAHIM AL- ASHEEL MAINTENANCE WORKSHOP
पूर्व स्वीकृति मिति २०८१/०२/२० | LT. No.305534 | चलानी नं. ६०२२०३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spray Painting Worker | 1 | 0 | 1200 | ४२,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-ADHAM CAFE FOR SERVING DRINKS
पूर्व स्वीकृति मिति २०८१/०२/२० | LT. No.305676 | चलानी नं. ६०२२०३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 3 | 0 | 1400 | ४९,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Amal Overseas Pvt. Ltd.
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZEAL IT TRADING & CONTRACTING
पूर्व स्वीकृति मिति २०८१/०२/१८ | LT. No. 305595 | चलानी नं. ६०२२०४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 12 | 0 | 1100 | ४०,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 23 | 0 | 1100 | ४०,३१५ | | | | | | | |
| 3 | Welder | 19 | 0 | 1200 | ४३,९८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

# जेठ अन्तिमदेखि मनसुन भित्रिँदै, सरदरभन्दा बढी वर्षा हुने

**काठमाडौं–** यस वर्षको मनसुन यही जुन १३ अर्थात् जेठ ३१ गतेदेखि नेपाल प्रवेश गर्ने आँकलन गरिएको छ । यद्यपि, मनसुन भित्रिने सरदर मितिभन्दा केही दिन तलमाथि पर्ने जल तथा मौमस विज्ञान विभागले जनाएको छ । मनसुन हाल भारतको उत्तर पूर्वी भू-भाग, बंगलादेश, भुटान हुँदै भारतको सिक्किमसम्म आइपुगेको विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । नेपालको पूर्वी भू-भागमा मनसुन आगमन हुने सरदर मिति जुन १३ आँकलन गरिएको भए पनि त्यसअघि नै भित्रिने देखिन्छ ।

महाशाखाका मौसमविद् रोजन लामिछानेले नेपालमा मनसुन जुन १३ आसपास भित्रिने बताए । हाल मुलुकका विभिन्न भू-भागमा भइरहेको वर्षा मनसुनी वायुको प्रभाव नभई स्थानीय प्रणाली, पश्चिमी वायु र उत्तर प्रदेश तथा बिहार आसपासको न्यून चापीय प्रणालीको प्रभाव भएको उनले जानकारी दिए । नेपालमा सामान्यतया मनसुन सरदर अवधि जेठ १९ देखि असोज १४ गतेसम्म मानिन्छ । तर, मनसुन भित्रिने र बाहिरिने अवधि केही दिन तलमाथि हुने गरेको छ । यस्तै आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ । सुदूरपश्चिम प्रदेशको उत्तर-पश्चिमी भू-भाग, बागमती प्रदेशको दक्षिण-पूर्वी भू-भाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्य-पश्चिमी भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ । अधिकतम तापक्रम देशका अधिकांश स्थानहरूमा सरदरभन्दा बढी देखिएको छ ।

ऋतुगत जलवायु विभिन्न सामुद्रिक, वायुमण्डलीय, भूमण्डलीय, हिममण्डलीय र जैविकीय प्रणालीमा निर्भर रहन्छ । मनसुनको आँकलन विश्व मौसम संगठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको हावापानी प्रारूपहरूको आँकलन र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चको आँकलनको आधारमा तयार गरिएको विभागका प्रवक्ता सुनिल पोखरेलले जानकारी दिए । साथै यो आँकलन तयार गर्दा नेपालको मनसुन सिजनको जलवायुमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने 'एन्सो' (एल निनो एण्ड साउदर्न ओस्सिालोसन) तथा हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय प्रणालीको हालको अवस्थालाई विश्लेषणका आधारमा गरिएको हो ।

यसबाहेक जलवायु प्रारूपको मनसुन सिजनको आँकलन, युरोप तथा एसियामा गत हिउँद तथा प्रि-मनसुनको सिजनमा परेको हिउँ, अन्तर ऋतु परिवर्तनशिलताका कारकलाई मध्यनजर गरिएको छ । प्रवक्ता पोखरेलले भने, 'हाल 'एन्सो' तटस्थ अवस्थामा रहेको छ र आगामी मनसुन सिजनमा 'ला निना' को अवस्था विकसित हुने अन्तर्राष्ट्रिय प्रारूपहरूको आँकलन रहेको छ । त्यसैगरी हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय सामुद्रिक तापक्रम सूचक हाल तटस्थ रहेको र आगामी मनसुन सिजनमा धनात्मक हुने आँकलन गरिएको छ ।'

जलवायुविज्ञ डा. धर्मराज उप्रेतीले यो वर्षको मनसुन शनिबारसम्म भारतको आसाम, सिक्किम र सो वरिपरिका भागमा पुगिसकेको बताए । उनले भने, 'भारतको केरलामा निर्धारित मितिभन्दा दुई दिनअघि र आसाम तथा मेघालयमा छ दिनअघि नै मनसुन पुगेको देखिन्छ । यही विषयलाई आँकलन गर्दा भारतका भू-भागसँग सिमाना जोडिएको कोशी प्रदेशमा मनसुन निर्धारित मितिभन्दा एक साताअघि नै प्रवेश गर्ने आकलन गर्न सकिन्छ ।'

गत वर्ष आसाम र सिक्किममा मनसुन पुगेको तीन दिनमा कोशी, मधेस र गण्डकी प्रदेशमा पुगेको थियो । गतवर्ष आसाममा जुन १२ मा पुगेको मनसुन यो वर्ष मे ३१ मै पुगेको छ । त्यो गत वर्षभन्दा १२ दिन अगाडि हो । मनसुनी वायु थप सक्रिय हुने वातावरण बनेको हुनाले कोशी प्रदेशमा आगामी तीनदेखि पाँच दिनमै मनसुन सक्रिय हुने अनुमान गर्न सकिन्छ । *रासस*

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०२/२१ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय **मलंगवा, सर्लाहीबाट** तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ जेठ २८ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय **मलंगवा, सर्लाहीमा** लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| नेपाल सरकार, वाण्जिय तथा आपुर्ति मन्त्रालय, वाण्जिय विभाग घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर महोत्तरीमा, मिति २०६९/१०/२१ मा प्रा.फ.नं. १९७४/२२-०६९/०७० कायम भई दर्ता रहेको महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स./न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय **सुभाष बस्त्रालय ।** **प्रोपाईटर - विनोद चौधरी** | १. **विपिन चौधरी**को नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स/न.पा. वडा नं. ४ क स्थित कित्ता नं. ८२९ को क्षेत्रफल ०-०-११-० (बि.क.धु.क) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>२. **प्रेम शिला देवी**को नाममा मालपोत कार्यालय, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स/न.पा. वडा नं. ४ क स्थित कित्ता नं. ११०७ को क्षेत्रफल ०-०-९१/२-० (बि.क.धु.क) को जग्गा र ऐ.ऐ वडा नं. ५ क स्थित कित्ता नं. ३५४ र ३५५ को क्षेत्रफल क्रमश ०-६-१७-० र ०-६-१७-० (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।<br>३. धनि कुमारी बैक लि.र ऋणी **सुभाष बस्त्रालय** कायम भई बागमति प्रदेश यातायात व्यवस्था कार्यालय, ललितपुरमा दर्ता कायम रहेको चे.नं. MA1TA2WCXL2J37002, ई.नं. WCL4J12488, सवारी नं. प्रदेश ३-०१ ०२४ च ३८७७, को Scorpio S52WD1.99 थान १ । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **विपिन चौधरी**<br>ना.प्र.नं.- २०८६२६८६<br>जारी मिति - २०४४/११/०४, जि.प्र.का. महोत्तरी<br>बाबु - सर्युग चौधरी<br>बाजे- प्रसाद चौधरी<br>स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं.०८<br>हालको ठेगाना- ऐ.ऐ<br>२. **विनोद चौधरी**<br>ना.प्र.नं.- १८३०४३/१०५७,<br>जारी मिति - २०६३/११/२३, जि.प्र.का. महोत्तरी<br>बाबु - विपिन चौधरी<br>बाजे- सर्युग चौधरी<br>स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं.०८<br>हालको ठेगाना- ऐ.ऐ<br>३. **प्रमोद चौधरी**<br>ना.प्र.नं.- १८३०४३/१०५६,<br>जारी मिति - २०६३/११/२३, जि.प्र.का. महोत्तरी<br>बाबु - विपिन चौधरी<br>बाजे- सर्युग चौधरी<br>स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं.०८<br>हालको ठेगाना- ऐ.ऐ | ४. **प्रेम शिला देवी**<br>ना.प्र.नं.- १८३०४३/१९३४<br>जारी मिति - २०६३/११/२७, जि.प्र.का. महोत्तरी<br>बाबु - विल्टु चौधरी<br>पति- प्रमोद चौधरी<br>स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं.०९<br>हालको ठेगाना- ऐ.ऐ<br>५. **गिरजा देवी**<br>ना.प्र.नं.- १८३०४३/१६९<br>जारी मिति - २०६३/११/२६, जि.प्र.का. महोत्तरी<br>बाबु - लखन चौधरी<br>पति- विपिन चौधरी<br>स्थायी ठेगाना- महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं.०९<br>हालको ठेगाना- ऐ.ऐ |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ जेठ २७ गते** भित्र बैंकको शाखा कार्यालय **मलंगवा, सर्लाहीमा** कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय **मलंगवा, सर्लाहीबाट** रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (**Good For Payment**) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ जेठ २८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय **मलंगवा, सर्लाहीमा** बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय **मलंगवा, सर्लाहीमा** सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८१ जेठ २८ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय मलंगवा, सर्लाही फोन नं. ०४६-५२१२०६**

## सम्राट घिमिरेको नाममा १५ दिने सार्वजनिक सूचना

काठमाडौं जिल्ला कामनपा वडा नं. ०६ बौद्धस्थित बौद्ध आधुनिक तरकारी बजार प्रा. लि. को सटर भाडामा लिई पसल गरी बस्ने चितवन निवासी तपाईं **सम्राट घिमिरे** विगत लामो समयदेखि सटर बन्द गरी सम्पर्क विहिन हुनु भएकोले सटर खाली गराई पाऊँ भनी यस वडा कार्यालयमा निवेदन दिनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वडा कार्यालयमा सम्पर्क राख्नु होला । अन्यथा कानुन बमोजिम प्रक्रिया अगाडि बढाइने यसै सूचनाद्वारा सूचित गराइन्छ ।

**काठमाडौं महानगरपालिका वडा नं. ०६, कार्यालय बौद्ध, काठमाडौं**

## महिला मैत्री मार्ट प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/१५ मा दर्ता भएको **(प्रा.लि. नं. २६९९२३/०७८/०७९ को महिला मैत्री मार्ट प्रा.लि.**लाई खारेजी (लिक्वीडेशन)मा लैजाने कम्पनी ऐन २०६३ को दफा २६ बमोजिम मिति २०८१/०२/१९ को विशेष साधारणसभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाकी बक्यौया लेनदेन आदि भएमा प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय का.जि. टोखा न.पा वडा नं. १०, सामाखुसीमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिको भुक्तान भएपछि कम्पनी कानून बमोजिम खारेजी भै जाने र कम्पनी खारेज भएपछि कोही कसैको दावी नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

**लिक्वीडेटर: लक्ष्मण श्रेष्ठ, इजाजतपत्र नं. ३६९, फोन नं. ९८५१०७८५४०**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०८/२७ मा दर्ता भएको प्रा.लि. नं. २७९५१५ को **फिप्टिन पायोनियर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## घर भाडा तिर्न आउने ३५ दिने सुचना

सुचना प्रकाशित मिति : २०८१/२/२१ गते

मेरो नाममा ल.पु. मालपोत कार्यालयमा दर्ता कायम रहेको ललितपुर महानगरपालिका वडा नं. ७ ग्वार्को कि.नं. २७५ क्षे.फ. ०-१२-२-० मा बनेको घरको पाचौं तल्लामा संचालन भएको पारिवारीक रेष्टुरेन्ट "द साल्ट एण्ड स्पाइसेस का संचालक शन्नी श्रेष्ठ" २०७८ भाद्र १ गते देखि संचालन भै आएकोमा मिति २०८० असाढ महिनादेखि भाडा रकम नदिएको हुनाले मिति २०८० साल कार्तिक १५ गते ३५ दिने लिखित सुचना बुझाइदिएको मा अहिले सम्म कुनै हर हिसाब चुक्ता नगरी २०८० मंसिर महिनादेखि तालामारी हालसंम्म पनि संम्पर्क विहिन भएको हुनाले यो ३५ दिन भित्र हर हिसाब बुझाई ठाऊँ खालि गर्नको लागी यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । ३५ दिन भित्र पनि हर हिसाब चुक्ता गर्न नआएमा वडाको रोहवरमा त्यहा रहेको सामानको मुल्याङ्कन गरि हर हिसाब असुल उपर गरिने छ ।

## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Receptionist-1 (F)
2. Admin-1 (F)

नोटः Must have completed +2 for Receptionist & bachelor for Admin, सम्बन्धित क्षेत्रमा २ वर्ष अनुभवी, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : ALWALSHIN STAR HOSPITALITY SERVICES
पुर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२० | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 95 | 900 | ३२,४६० | क्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manager | 2 | 4 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 95 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST
पुर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२० | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 65 | 900 | ३२,४६० | क्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : WALSHINN HOSPITALITY SERVICES EST
पुर्व स्वीकृति मिति २०७९/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२० | LT. No. 271028 | चलानी नं. ६०१८६८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 20 | 900 | ३२,४६० | क्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Event Planner | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Manager | 0 | 3 | 3000 | १०८,२०५ | | | | | | | |
| 5 | Marketing Specialist | 5 | 30 | 1200 | ४२,७५० | | | | | | | |
| 6 | Waiter | 5 | 20 | 1000 | ३६,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHAPATI RASHID RESTAURANT
पूर्व स्वीकृति मिति २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२० | LT. No. 287312 | चलानी नं. ६०२०२६५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Casher/receptionist | 3 | 0 | 120 | ५१,५३० | क्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook/chef Assistant. | 3 | 0 | 120 | ५१,५३० | | | | | | | |
| 3 | Sandwich Maker | 3 | 0 | 120 | ५१,५३० | | | | | | | |
| 4 | Waiter/helper/indoor Worker | 5 | 0 | 110 | ४७,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF FOOD PRODUCTION WLL
पूर्व स्वीकृति मितिः २०७९/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२० | LT. No. 273415 | चलानी नं. ६०१८८९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 5 | 0 | 1900 | ६८,५२० | क्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 5 | 0 | 1000 | ३६,०६० | | | | | | | |
| 3 | Medical Laboratory Technicians | 1 | 0 | 2600 | ९३,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nepal Recruitment Consultancy Pvt. Ltd.
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMRILL SERVICES LLC
पूर्व स्वीकृति मितिः २०८१/०२/२० | LT. No. 305675 | चलानी नं. ६०२२०४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Supervisor | 20 | 0 | 1800 | ६५,४०५ | क्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner/general | 50 | 0 | 1500 | ५४,४०५ | | | | | | | |
| 3 | Housekeeping Supervisor | 20 | 0 | 2400 | ८७,२०५ | | | | | | | |
| 4 | Security Officer/guard/supervisor | 50 | 0 | 1800 | ६५,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Yovant Recruitment Services PVT. LTD.)
श्रम ईजाजत नं. १६५२/०८०/०८१
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# यार्सा संकलनमा खोइ सुरक्षा ?

**यार्सालाई नेपाली हीराका रूपमा चिनिन्छ । यो निकै महत्त्वपूर्ण औषधिसमेत हो । महँगो मूल्य पर्ने यार्सा संकलनका लागि हरेक वर्ष नेपालीहरू जोखिम मोलेर हिमाली क्षेत्र पुग्छन् । उनीहरूले आफूमात्र कमाउँदैनन्, राज्यलाई लाखौं राजस्व तिर्छन् ।**

**यसपटक पनि यो हिमाली हीरा संकलन गर्ने समय सुरु भएको छ । तर यार्सा संकलन गर्ने क्रममा सुरुआती दिनमै चार जनाको मृत्यु भएको छ । मुगुको पाटन क्षेत्रमा लेक लागेर उनीहरूको मृत्यु भएको हो । लेक लागेर सिकिस्त भएका एक जनाको उपचारका लागि जिल्ला अस्पताल ल्याउने क्रममा शनिबार मृत्यु भएको प्रहरीले जनाएको छ । शनिबार पाटन ठूलो कोइकीमा लेक लागेर बिरामी परेपछि उपचारका लागि मुगु गाउँ ल्याइएका छायानाथ रारा नगरपालिका–१२ शोभा गाउँका २९ वर्षीय मानबहादुर बुढा र सोही नगरपालिकाको कम्फा गाउँका शोभान बुढा र राजबहादुर सावतको मृत्यु भएको थियो । देवराज बुढाको मृत्युसँगै मृत्यु हुनेको संख्या चार पुगेको छ । गत वर्ष यार्सा टिप्न पाटन पुगेका तीन जनाको हिउँ पहिरोमा परेर र एक जनाको लडेर मृत्यु भएको थियो । मुगुका २४ भन्दा बढी क्षेत्रमा यार्सा संकलन गर्न मुगुमकार्मारोङ गाउँपालिकाले गत वैशाख २५ गते प्रवेश खुला गरेको थियो ।**

**यता यार्सा टिप्न गएको मौका छोपी मुगुम कार्मारोङ गाउँपालिका–१ डोल्पुमा लुटपाटसमेत भयो । आठ जनाको हतियारधारी समूहले स्थानीयको घरमा लुटपाट गरेका थिए । उक्त समूहले आधुनिक हतियार अन्य घरेलु हतियार देखाउँदै जेठ १३ गते शनिबार बेलुका ५ बजे स्थानीयका घर घरमा तलासी गर्दै गरगहना सामान र नगद लुटेर लगेको प्रहरीमा उजुरी परेको छ ।**

**समूहले गाउँमा वृद्धवृद्धा र बालबालिकालाई हतियार देखाउँदै लुटपाट गरेका थिए भने गुम्बाका लामालाई कुटपिट गरेका थिए । समूहले लुटपाट गर्ने क्रममा प्रतिकार गर्न खोज्दा दोर्जे तामाङ, टोमा छोइङ तामाङ, शान्ति तामाङ र पेमा दोर्जे तामाङ घाइते भएका छन् । उक्त घटनाबारे प्रहरीले भोलिपल्टमात्र थाहा पाएका थिए । यार्सा टिपेर एक त स्थानीय आफैंले रोजगारीको सिर्जना गरिरहेका छन् भने यसबाट राज्यले करोडौं राजस्वसमेत पाउँछ । तर यो क्षेत्रमा खटेका संकलकलाई सरकारले न त सुरक्षाको पूर्वतयारी गरिदिएको छ न त गाउँक्षेत्रको सुरक्षामा नै प्रशासनको चासो छ । रोजगारी सिर्जना पनि गर्न नसक्ने र नागरिकको सुरक्षा पनि गर्न नसक्ने राज्य नागरिकप्रति कसरी जवाफदेही मान्ने ? त्यसैले आगामी दिनमा प्रशासन र राज्यले यस्तो गल्ती नगरोस् । काम गर्छु र केही रकम जोहो गर्छु भन्नेले मृत्यु रोज्न नपरोस् ।**

## मनन्योग्य

### चाणक्य नीति

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुन्छ ।ऋषि, महर्षि, देवता सबै प्रकारका व्यक्ति सभासदमा छन् । पाप पुण्यबारेको रेकर्ड हिसाबकिताब बहिखाता राख्ने चित्रगुप्त रहन्छन् । काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खबर चित्रगुप्तकहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलाबेलामा यिनीहरूले नै गर्ने गर्दछन् ।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व दिशामा चारवटा प्रवेशद्वार हुन्छन् । यी ढोकाहरूमध्ये तीनवटाबाट पुण्यात्मा र दक्षिणबाट पापीहरूलाई प्रवेश गराइन्छ । दक्षिणतर्फबाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ। वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ । साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन् । यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ । वास्तवमा यमराज ज्यादै नै सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन् ।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ । उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन् । उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसँग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलाबखतमा सम्झाइरहने पनि गर्दथे । क्रमशः

# भेटिभर खेतीको प्रवर्द्धन: दिगो विकासको संवर्द्धन



■ श्याम गोयन्का

> भेटिभरको समुचित प्रयोगमार्फत दिगो विकासको अवधारणान्तर्गतका १७ लक्ष्य पूरा गर्नेतर्फ अग्रसर हुन सक्छ । गरिबी निर्मूलीकरण, भोकमरी उन्मूलन, राम्रो स्वास्थ्य र जनकल्याण, गुणस्तरीय शिक्षा, लैंगिक समानता, स्वच्छ पानी र सरसफाइ, किफायती र स्वच्छ ऊर्जा, सभ्य काम र आर्थिक वृद्धि, उद्योग, नवप्रवर्त्तन र पूर्वाधार, समानता, दिगो सहर र समुदाय, जिम्मेवार उपभोग र उत्पादन, जलवायु कार्य, पानीमुनिको जीवन, भूमिमा जीवन, शान्ति, न्याय र बलियो संस्था तथा लक्ष्यहरूका लागि साझेदारी सन्दर्भमा भेटिभरले कार्य गर्न सक्छ । यसको विकास र विस्तारबाटै दिगो विकासका लक्ष्य पूरा गर्न सकिन्छ ।

नेपाल आर्थिक समृद्धिको मार्गमा अघि बढिरहँदा विकास निर्माणमा सधैं आर्थिक तथा पर्यावरणीय समस्या झेल्दै आएको छ । बाढी, पहिरो, डढेलो, भूक्षयलगायत प्राकृतिक प्रकोप र त्यसबाट हुने मानवीय तथा प्राकृतिक क्षति प्रत्येक वर्ष नेपाल तथा नेपालीले झेल्दै र भोग्दै आएका समस्या हुन् ।

देशमा उपलब्ध स्रोतसाधनको उपयोगको अभाव तथा अत्यधिक आयात तथा निर्वाहमुखी अर्थतन्त्रले गर्दा नेपालमा समुचित विकास हुन सकेको छैन । साथै, आधुनिक ज्ञान र प्रविधिको अभावमा सामान्य विकास निर्माणका लागि पनि ठूलो खर्च र समस्या झेल्दै आउनुपरेको छ । आधुनिक प्रविधिमात्र होइन, सामान्य पर्यावरणीय ज्ञानको अभावमा पनि राष्ट्रले ठूलो क्षति बेहोर्नुपरेको छ । छिमेकी राष्ट्र भारत तथा चीनले अग्रगामी विकासमा छलाङ मार्दै गर्दा नेपालले भने भएका स्रोतसाधनको पनि उपयोग गर्न सकेको छैन । यस्ता समस्याको जैविक समाधानतर्फको पहिलो तथा प्रभावकारी कदमका रूपमा भेटिभर परियोजना विश्वमा परीक्षण भई बहुपयोगी सावित भएको जैविक प्रविधि हो ।

**के हो त भेटिभर ?**

भेटिभर क्रिसोपोगान प्रजातिको एक बहुपयोगी वनस्पति हो, जसलाई नेपाली भाषामा खसखसे भनिन्छ । वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स रहेको यसले किसानको साथीका रूपमा नाम कमाएको छ र विश्वका धेरै देशमा कृषि सबलीकरण तथा गरिबी निवारणका क्षेत्रमा वरदान सावित भएको छ । समुद्री सतहदेखि एक हजार ८०० मिटरका उचाइसम्म खेती गर्न सकिने यस वनस्पतिको मुख्य विशेषता जरामा छ जुन निकै बाक्लो गाँज भई जमिनमा तीन मिटरभन्दा तल गहिरोसम्म जान्छ । यो विषम किसिमका माटामा हुर्कने तथा सप्रने घेरै कम बिरुवामध्येको एक हो ।

पिएच भ्यालु अर्थात् अम्लीय तत्त्व तीनदेखि ११ रहेको माटामा पनि यस बिरुवाले सजिलैसँग हुर्केर अम्लीय तत्त्वलाई सन्तुलित पार्ने काम गर्छ । अति नै बहुउपयोगी बालीका रूपमा विश्वमा परीक्षणबाट प्रमाणित यसको खेतीबाट छदेखि आठ महिनाभित्रै धेरै आर्थिक लाभ लिन सकिन्छ । यसको जराबाट उत्पादन हुने तेलको २७५ डलर प्रतिलिटरको मूल्यमा अन्तर्राष्ट्रिय बजारमा कारोबार हुने गरेको छ । यस्तो उच्च मूल्य हुँदासमेत अन्तर्राष्ट्रिय बजारमा यस तेलको धेरै माग छ । देशभर नदी तथा बाढीपहिरोबाट क्षतिग्रस्त करिब १० लाख हेक्टर बगर जमिनलाई भेटिभरखेतीको विस्तारमार्फत हामी पूर्णरूपमा उपयोगमा ल्याउन सक्छौं । उक्त जमिनका उपयोगले हाम्रो खाद्य व्यापार घाटा निर्मूल पार्न सक्ने तथ्यमा कुनै विवाद छैन ।

भेटिभरको विशिष्ट गुण उपयोगिता तथा क्षमतालाई मध्यनजर गर्दै विश्व बैंकका पहलमा अमेरिकाको भर्जिनिया राज्यमा सन् १९८९ मा द भेटिभरनेटवर्क नामक गैरनाफामूलक संस्था स्थापना भएको छ । यस संस्थाले पछिल्लो समय भूमि स्थिरीकरण, प्रदूषित स्रोतहरूको फाइटा-उपचार, बायो-इञ्जिनियरिङ, पूर्वाधार संरक्षण र स्थिरीकरण तथा प्रकोपको जोखिम न्यूनीकरणका क्षेत्रमा काम गर्दै आएको छ ।

यस वनस्पतिमा बञ्जर, सुख्खा तथा रासायनिक रूपमा क्षतिग्रस्त भूमि पुनःस्थापना गर्ने क्षमता छ । नेपालका सन्दर्भमा चुरे संरक्षण, नदी कटान तथा तटको संरक्षण, पहिरो र भूक्षय रोकथामलगायत कार्यमा यसको प्रभावकारी उपयोग गर्न सकिन्छ । हाइटीको अर्थतन्त्रको करिब ७४ प्रतिशत हिस्सा यसको खेतीमार्फत उत्पादन हुने भेटिभर तेलले ओगटेको छ । यसलाई औषधि तथा सुगन्धित तेलका रूपमा पनि प्रयोग गर्न सकिन्छ । यस वनस्पतिले कार्बन संकलन गरी वातावरण प्रदूषित हुनबाट पनि रोक्छ एवं दिगो कृषि तथा बायो-इञ्जिनियरिङको साधनका रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

विप्रेषणमा आधारित अर्थतन्त्रलाई कृषितर्फ ल्याउन तथा देशमै रोजगारी सिर्जना गर्ने सन्दर्भमा भेटिभर उपयोगी र प्रभावकारी मार्ग हो । सधैं परिवर्तन र क्रान्तिको कुरा हुने देश नेपालमा कृषि क्रान्तिको आधार भेटिभर हुन सक्छ । न त बाँदरले दुःख दिने, न रोग प्रकोप-किरा लाग्ने, न नदीले बगाउने, न डढेलाले मास्ने, न त मलखाद र सिँचाइको आवश्यकता पर्ने । रोपेपछि एकै पटक प्रयोग तथा बिक्रीका लागि तयार हुने, नेपालको भूगोल, अवस्था र व्यवस्थानुकूलको उपयुक्त खेती भेटिभर हो ।

**भेटिभरका फाइदा**

गरिबी उन्मूलनः गरिबी निवारणको प्रभावकारी समाधान भनेको रोजगारीको अवसरको सिर्जना हो । भेटिभरमार्फत प्रशस्त रोजगारीको सिर्जना गर्दै किसानका आयआर्जनमा वृद्धि गरी नेपालको सबैभन्दा ठूलो समस्याका रूपमा रहेको गरिबी उन्मूलनका मार्गमा अगाडि बढ्न सकिन्छ । यसका जराबाट २७५ अमेरिकी डलर प्रतिलिटर अर्थात् लगभग ३६ हजार रूपैयाँमा बिक्री हुने बहुमूल्य भेटिभर तेल उत्पादन हुन्छ । यसको १० टन तेलको एक ट्रक वा कन्टेनर तेल निर्यातमा २७.५ लाख अमेरिकी डलर नेपाल सरकारलाई राजस्व प्राप्त हुन्छ । हालको बजार मूल्यसँग तुलना गर्दा नौ महिनामा किसानले अन्य कृषि कार्यभन्दा भेटिभरबाट बढी आम्दानी गर्न सक्छन् ।

गरिबी उन्मूलनको मुख्य पाटो खाद्यसुरक्षा हो । नेपालमा विभिन्न कारणले १० लाख हेक्टर जग्गा बगर तथा बाँझो रूपमा छ । ती जमिनमा भेटिभर खेतीमात्र गर्न सकिएमा उक्त जमिन पुनः अन्य बालीका लागि उपयोग गर्न योग्य बनाउन सकिन्छ । साथै भेटिभरसँगै दलहनलगायत अन्य बाली पनि साथसाथै लगाउन सकिन्छ जसबाट नेपालको उत्पादनबाट नपुगेर आयात गरिँदै आएको लगभग ४० लाख टन खाद्य अभावका अवस्थाबाट बाहिर निक्लँदै निर्यात गर्न नेपाल सक्षम हुन सक्छ ।

भेटिभरले कार्बन उत्सर्जनमा विभिन्न किसिमले कमी ल्याउने हुँदा कार्बन 'नेगेटिभ' भई दक्षिण एसियामा भुटानपछिको दोस्रो कार्बन 'नेगेटिभ' मुलुक हुनसक्ने मार्ग प्रस्तुत हुनेमा कुनै समस्या देखिँदैन । खेर गइरहेको १० लाख हेक्टर जग्गामा भेटिभर रोप्दा खाद्यसुरक्षा, रोजगारीको सिर्जना, ऊर्जाको उत्पादन, वातावरणको सुरक्षा र जैविक सुरक्षालगायत समग्र सामाजिक स्थिरताका पाँचवटै अवयव पूरा हुनु आफैंमा भेटिभर बिरुवाको विशेषताको सूचक हो जसको उत्पादन लागत एकदमै न्यून छ ।

कृषिमा फाइदाः भेटिभरले नदी तथा कुलाबाट खेतबारीमा हुने कटान जोगाउँछ । यो एक यस्तो प्रकारको सहयोगी झार हो, जसका सहयोगमा बाढीको बालुवा र ढुंगाले पुरेर बगर बनेका खेतीयोग्य जग्गालाई पुनः पोषणयुक्त र उर्वरभूमिमा परिणत गर्न सकिन्छ । भेटिभर खेतीबाट खेतीबालीमा किरा नियन्त्रण र माटाको उर्वरतामा वृद्धि गर्न सकिन्छ । नेपालमा प्रतिव्यक्ति सिञ्चित जग्गाको स्वामित्व ०.०७ हेक्टरमात्रै छ अर्थात् ७० देखि ८० प्रतिशत साना किसानका स्वामित्वमा प्रतिपरिवार करिब १० कट्ठाभन्दा कम जमिनमात्र छ । यो सानो क्षेत्रफलले व्यावसायिक र आधुनिक प्रणालीबाट कृषि कर्म गर्न सम्भव छैन, जसको कारण नेपालको कृषि निर्वाहमुखीतर्फ मात्रै सीमित छ ।

जैविक भूसंरक्षणः नेपालको भौगोलिक वनावटका कारण मनसुनसँगै पहिरो जाने र पहिरोसँगै कृषि अनुकूल मलिलो माटो बगेर जाँदा अत्यधिक भूक्षयको अवस्था छ । यसलाई नियन्त्रण गर्ने एकमात्र जैविक विकल्प भेटिभर हो । यस वनस्पतिको जरा तीनदेखि पाँच मिटरसम्म जमिनमुनि बढ्ने हुँदा माटालाई बाँधेर राखी भूक्षय हुन दिँदैन । बाँझो, बञ्जर, विभिन्न औद्योगिक तथा रासायनिक फोहोर व्यवस्थापनका कारणले प्रदूषित भूमि पुनःस्थापनाको प्रभावकारी जैविक विकल्प भेटिभर हो ।

जैविक तटबन्धः भेटिभरले जैविक तटबन्धका रूपमा प्रभावकारी कार्य गर्छ । छिटो बढ्ने र लामो जरा सञ्जाल हुने हुँदा यसले बिरुवा रोपेको छोटो समयमा नै प्रभावकारी काम गर्छ । विश्वमासमेत यसको खेतीले पानीको स्रोत बढ्ने एवं हरियाली व्यवस्थापन तथा कम लागतमा मजबुत तटबन्धको कार्य गरेको छ । भेटिभरको तटबन्धले बाढीपहिरोका कारण बगरमा परिणत हुँदै गएका खेतीयोग्य जमिनलाई संरक्षण गरी पुनः कृषि भूमिका रूपमा पुनःस्थापना गर्छ ।

भिरालोपनको स्थिरीकरणः भेटिभर रोपेर कुनै पनि भिरालो जमिनलाई बाढीपहिरो तथा भूक्षयबाट जोगाइराख्न सकिन्छ । यसबाट ग्रामीण तथा कृषि सडकमा हुने पहिरो न्यूनीकरण गर्न सकिन्छ । राजमार्ग, रेलमार्ग, पुल, बाँध तथा पोखरी, विभिन्न निर्माणस्थल, नहर, नाली आदिलाई भेटिभरको प्रयोगमार्फत भूक्षयबाट बचाइराख्न सकिन्छ । हाल विकास निर्माणमा प्रयोग हुने टेवा पर्खाल बनाउन प्रतिघनमिटर १०-१२ हजार रूपैयाँको लागत लाग्छ । यसको विकल्पमा भेटिभर प्रयोग गर्ने हो भने ५०० रूपैयाँ वा एक हजार प्रतिघमिका लागतमा टेवा पर्खालभन्दा बलियो र टिकाउ कार्य गर्न सकिन्छ ।

फाइटोरिमेडियसनः खेर गएको तथा क्षतिग्रस्त जमिनमा भेटिभर रोपेर फाइटोरिमेडिएसन प्रक्रियाबाट प्रदूषित जमिन तथा पानीको उपचार गरी शुद्धीकरण गर्न सकिन्छ । यसबाट औद्योगिक फोहोर, घरेलु फोहोर, ल्यान्डफिल साइटको शुद्धीकरणका साथै पानीको स्थिरीकरण पनि गर्न सकिन्छ । काठमाडौंमा फोहोर व्यवस्थापन सधैं एक समस्याका रूपमा रहेको छ । ल्यान्डफिल साइटमा हुने प्रदूषण, त्यहाँबाट उत्पन्न हुने लिचडले स्थानीय जलस्रोतमा निकै असर गरेको छ । लिचडको जैविक उपचार भेटिभरबाटै सम्भव छ । यस वनस्पतिले हाम्रा वरपर विभिन्न औद्योगिक, रासायनिक, मानवीय क्रियाकलापका कारणले उत्पन्न हुने प्रकोपको न्यूनीकरणका क्षेत्रमा विशेष कार्य गर्छ ।

बाढीपहिरो रोकथामः हुर्किएको छ महिनामा नै यसको जरा फैलिएर पानीको बहावसँगै बग्न लागेको माटो निकै कडाइका साथ एकापसमा जोडेर र समातेर राख्ने गर्छ । नेपालमा बाढीपहिरोको जोखिम उच्च भएकाले यस घाँसको प्रयोगको ठूलो आवश्यकता छ । बाटामा पहिरो गएर हुने भूक्षय रोक्न यसले जैविक पर्खालको काम गर्छ, जुन हामीले प्रयोग गर्ने कंक्रिट पर्खालभन्दा निकै किफायती, बलियो र सस्तो छ ।

नदी किनार संरक्षणः नदी तटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान र ज्वारभाटाबाट पनि भेटिभरको बिरुवाले जोगाउनका साथै पानीको उच्च बहावलाई पूर्णरूपमा सुस्त बनाइदिन्छ । अफ्रिका, अमेरिका, एसिया महादेश, क्यारेबियन, प्रशान्त तटका विभिन्न मुलुकमा पछिल्लो १० वर्षमा गरिएको अनुसन्धानले बाढीको गति घटाउन र भूक्षय रोक्न भेटिभरको प्रयोग निकै प्रभावकारी भएको देखाएको छ । मनसुनका समयमा अत्यधिक हुने नदी कटान नियन्त्रणको यो एक प्रभावकारी साधन बन्न सक्छ । यसबाहेक नदीको धार परिवर्तनको रोकथाममा पनि यसले जैविक इञ्जिनियरिङको काम गर्छ ।

बञ्जर भूमि पुनःस्थापनाः खोला बगर, नदी उकास, फोहोर व्यवस्थापन क्षेत्रलगायत प्रयोगविहीन जग्गामा भेटिभरको रोपण अपरिहार्य छ । यसको खेती गरेपछि उक्त जग्गा पुनः अन्य खेतीका लागि उर्वरभूमिमा परिणत हुन्छ । नेपालमा खेतीयोग्य ठूलो जग्गा बर्सेनि बाढीका कारणले हुने नदी कटान, पहिरो, भूस्खलन र बगरमा परिणत भएका छन् । यस्ता जग्गालाई भेटिभरका सहयोगमा पुनः कृषि भूमिमा रूपान्तरण गर्न सकिन्छ । प्रयोगविहीन बाँझो, पर्ती, दर्ता छुट, ऐलानी, खोला उकास तथा बाढीपहिरोका कारण बगरमा परिणत भएका जग्गालाई वैज्ञानिक कृषि प्रणालीका सहयोगमा पुनः उर्वर कृषियोग्य भूमिमा परिणत गर्न सकिन्छ ।

जलाधार संरक्षणः यसको जराले जमिनमुनिको पानीलाई सतहतर्फ ल्याएर ओसिलो बनाउने हुँदा मुहान सुक्न दिँदैन । जमिनमा रहेका दूषित तत्त्व सोस्ने हुँदा पानी शुद्धीकरण गरी मुहान संरक्षण गर्न पनि मद्दत गर्छ । बागमती, विष्णुमतीजस्ता नदी शुद्धीकरणका सन्दर्भमा भेटिभर प्रभावकारी जैविक अस्त्रका रूपमा अग्रणी रहन सक्छ ।

हरित इन्धनको स्रोतः भेटिभर हरित इन्धनको एक महत्त्वपूर्ण स्रोत हो । हाल नेपालले वार्षिक झण्डै तीन खर्ब रूपैयाँको जीवाश्म इन्धन आयात गरिरहेको छ । भेटिभरलाई हरित इन्धन उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ । यसबाट बायोमास, बायोग्यास र बायो सिएमजी उत्पादन गर्न सकिन्छ । बायो सिएमजीका प्रयोगबाट सवारीसाधनमा प्रयोग हुने जीवाश्म इन्धनको विस्थापनका साथै विद्युत् उत्पादन पनि गर्न सकिने हुँदा जीवाश्म इन्धनको आयात घटाउँदै इन्धन खरिदमा खर्च हुने विदेशी मुद्रा बचत भई व्यापार घाटासमेत कम गर्न सकिन्छ । साथै जीवाश्म इन्धनले कोइलाभन्दा आधा कार्बन उत्सर्जन गर्ने हुँदा नेपाल कार्बन नेगेटिभ भई कार्बन व्यापारबाटसमेत किसानले अर्थोपार्जन गर्न सक्छन् । यी यावत् इन्धन उत्पादन गरिसकेपछि निस्कने बाइप्रोडक्ट जैविक मलका रूपमा हामीले प्रयोग तथा निर्यातसमेत गर्न सकिन्छ । राज्यले वार्षिकरूपमा अर्बौं रूपैयाँ रासायनिक मलखाद खरिदमा अनुदानका नाममा खर्च गरिरहेको अवस्थामा यसतर्फ ध्यान दिने हो भने कृषिका धेरै समस्या एकमुष्ट समाधान हुन सक्दछ । ग्रामीण क्षेत्रमा दाउरा मुख्य ऊर्जाका रूपमा प्रयोग भइरहेका अवस्थामा भेटिभरबाट उत्पादन हुने ब्रिकेटले रुख कटान नियन्त्रण गर्न भूमिका खेल्छ ।

दिगो विकासका लक्ष्य पूरा गर्ने आधारः भेटिभरको समुचित प्रयोगमार्फत दिगो विकासको अवधारणान्तर्गतका १७ लक्ष्य पूरा गर्नेतर्फ अग्रसर हुन सक्छ । गरिबी निर्मूलीकरण, भोकमरी उन्मूलन, राम्रो स्वास्थ्य र जनकल्याण, गुणस्तरीय शिक्षा, लैंगिक समानता, स्वच्छ पानी र सरसफाइ, किफायती र स्वच्छ ऊर्जा, सभ्य काम र आर्थिक वृद्धि, उद्योग, नवप्रवर्त्तन र पूर्वाधार, समानता, दिगो सहर र समुदाय, जिम्मेवार उपभोग र उत्पादन, जलवायु कार्य, पानीमुनिको जीवन, भूमिमा जीवन, शान्ति, न्याय र बलियो संस्था तथा लक्ष्यहरूका लागि साझेदारी सन्दर्भमा भेटिभरले कार्य गर्न सक्छ । यसको विकास र विस्तारबाटै दिगो विकासका लक्ष्य पूरा गर्न सकिन्छ ।

**पछिल्लो क्षति**

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षणको पछिल्लो तथ्यांकअनुसार जलवायु परिवर्तनका कारण नेपालले पछिल्लो पाँच वर्षमा चार खर्ब रूपैयाँभन्दा बढी नोक्सानी बेहोरेको छ । तथ्यांकानुसार वार्षिक ८३ अर्ब रूपैयाँ बराबरको क्षति हुने गरेको छ । जलवायुजन्य विपद्ले भौतिक पूर्वाधार, खाद्यसुरक्षा, रोग तथा कीटाणुलगायत विभिन्न माध्यमबाट क्षति पुर्‍याएको पाइएको छ । तसर्थ राज्य विकास निर्माणलगायत क्षेत्रमा बायो-इञ्जिनियरिङतर्फ अगाडि बढ्न आवश्यक देखिन्छ । समयमै भेटिभरसहितका जैविक समाधानको उपाय अपनाएमा यस्ता क्षतिमा महसुस हुनेगरी न्यूनीकरण गर्न सकिन्छ ।

हालका दिनमा नेपालको कृषि क्षेत्रमा धेरै समस्या भई किसानहरू प्रताडित हुनुपरेका अवस्थामा यसको खेती गरेमा बाँदरलगायत पशुपक्षीबाट हुने क्षति, रोगकिराबाट हुने क्षति आदिबाट बचाउन सकिन्छ । खडेरी तथा डढेलोबाट हुनसक्ने क्षतिबाट पनि बच्न सकिन्छ । बायो-इञ्जिनियरिङमा हाल प्रयोग भइरहेका बिरुवाको जराको क्षमता, सहन गर्न सक्ने तापक्रम, डढेलो आदिबाट पार्न सक्ने असर आदिको अध्ययन नगरी प्रयोग गर्दा खासै उपयोगी हुन सकेका छैनन् । हाल नेपालको काठमाडौं-तराई मधेस द्रुतमार्ग, पोखरा अन्तर्राष्ट्रिय विमानस्थललगायत स्थानमा पनि यो प्रविधिको प्रयोग गरिएको छ । यो बहुपयोगी वनस्पतिलाई प्रयोग गरी चीन, भारत, अफ्रिका, ल्याटिन अमेरिकाकी देशहरूले व्यापक फाइदा लिएको अवस्थामा नेपालमा पनि भेटिभरको उपयोगिता तिनै तहका सरकारहरूले यसको अध्ययन अनुसन्धान गरी प्रवर्द्धनका लागि पहल गर्नु आवश्यक देखिन्छ । *रासस*

*(लेखक भेटिभर नेपालका अध्यक्ष हुन्)*

# प्रभाव दैनिक

रूपशाला


## 'द स्कुल वाल' र 'पाउलो' रसियाको फिल्म फेस्टिभलमा

नेपालका दुई लघुचलचित्र 'द स्कुल वाल' र 'पाउलो' रसियाको किनो फेस्टिभलमा प्रदर्शन हुने भएका छन् । आगामी सेप्टेम्बर १२ देखि १६ सम्म रसियाको क्रेस्टोभय ५ मा आयोजना हुने चलचित्र महोत्सवमा यी दुई लघुचलचित्र छनोटमा परेका हुन् । बालमनोविज्ञानमा आधारित 'द स्कुल वाल' यसअघि नाइजेरियाको इडो स्टेट इन्टरनेसनल फिल्म फेस्टिभल, इरानको रोशड इन्टरनेसनल एजुकेसन एण्ड साइन्टिफिक फिल्म फेस्टिभल, जिम्बाबेको भर्सिटी फिल्म एक्स्पो र बेलायतको लिफ्ट अफ फिल्ममेकर सेसन्समा छनोट भएको थियो । त्यसैगरी 'पाउलो' यसअघि भारतको सिएमएस्, इन्टरनेसनल चिल्ड्रेन्स् फिल्म फेस्टिभल 'आइसिएफसी' को नोमिनेसनमा परेको थियो ।




सोमबार २१, जेठ २०८१ (Monday, June 3, 2024)



# अभिनेता शाहलाई 'उद्धव दीर्घसाधना सम्मान' प्रदान

**काठमाडौं (प्रस)–** गोपीकृष्ण कामख्या मिडिया कम्पनीले अभिनेता नीर शाहलाई 'उद्धव दीर्घसाधना सम्मान' प्रदान गरेको छ । शनिबार यहाँ आयोजित एक कार्यक्रममा उनलाई ५१ हजार रूपैयाँसहित उक्त सम्मान प्रदान गरिएको हो ।

यसैगरी २१ हजार रूपैयाँ राशिको 'पुष्कर सर्वोत्कृष्ट पत्रकारिता' पुरस्कार पत्रकार श्याम स्मृतले पाएका छन् । अभिनेता शाहले सम्मानित भएपछि भने, 'नेपाली चलचित्रका प्रारम्भिक दिनमा 'प्रिन्ट' बोकेर चलचित्र भवनमा पुऱ्याएर उद्धव पौडेलले गर्नुभएको योगदानसँग म परिचित छु । मलाई अझै काम गर्ने प्रेरणा मिलेको छ ।'

यसैगरी 'नारायण' सर्वोत्कृष्ट निर्माण नियन्त्रक पुरस्कार अरुण रेग्मी (महानगर), 'शुभ' सर्वोत्कृष्ट पार्श्वसंगीत पुरस्कार किरण तुलाधर (बुलाकी), 'प्रदीप' सर्वोत्कृष्ट पुनः ध्वनि मुद्रण (मिक्सिङ) पुरस्कार मुकेश शाह (नांगो गाउँ), 'भुटानी' सर्वोत्कृष्ट द्वन्द्व निर्देशक पुरस्कार हिमाल केसी (एक भगवत एक गीता), 'वसन्त' सर्वोत्कृष्ट नृत्य निर्देशक पुरस्कार कविराज गहतराज (एक भगवत एक गीता)ले प्राप्त गरे ।

त्यसैगरी 'किरण' सर्वोत्कृष्ट गीतकार पुरस्कार सुष्मा सिग्देल (नांगो गाउँ), 'उदित' सर्वोत्कृष्ट पार्श्व गायन पुरस्कार एसडी योगी र अञ्जु पन्त (नांगो गाउँ), 'शम्भुजीत' सर्वोत्कृष्ट संगीतकार पुरस्कार आशिष अविरल (ऐँचो पैँचो), 'तुलसी' सर्वोत्कृष्ट सम्पादक पुरस्कार वनिश शाह (पशुपति प्रसाद २: भष्मे डन), 'मञ्जु' सर्वोत्कृष्ट छायाकार पुरस्कार शिव ढकाल (बुलाकी), 'लक्ष्मीनाथ' सर्वोत्कृष्ट कथा र संवाद पुरस्कार उपेन्द्र सुब्बा (जारी), 'चेतन' सर्वोत्कृष्ट पटकथा लेखन पुरस्कार प्रदीप भट्टराई (महाजात्रा), 'कुसुमे रुमाल' सर्वोत्कृष्ट व्यावसायिक चलचित्र पुरस्कार जारी, 'मह' जुरी गोपीकृष्ण राष्ट्रिय चलचित्र पुरस्कार 'द रेड सुट्सेक'लाई प्रदान गरियो ।

कार्यक्रममा 'गोपालराज' सर्वोत्कृष्ट हास्य कलाकार पुरस्कार रवीन्द्र झा (महाजात्रा), 'चैत्य' सर्वोत्कृष्ट नवअभिनेत्री पुरस्कार परीक्षा लिम्बू (जारी), 'विश्व' सर्वोत्कृष्ट नवअभिनेता पुरस्कार प्रकाश सपूत (परदेशी-२), 'वसुन्धरा' सर्वोत्कृष्ट सहअभिनेत्री पुरस्कार वर्षा शिवाकोटी (पशुपति प्रसाद-२: भष्मे डन), 'नीर' सर्वोत्कृष्ट सहअभिनेता पुरस्कार अर्पण थापा (दिमाग खराब), 'भुवन' सर्वोत्कृष्ट अभिनेत्री पुरस्कार स्वस्तिमा खड्का (दिमाग खराब) र मिरुना मगर (जारी), 'शिव' सर्वोत्कृष्ट अभिनेता पुरस्कार विपिन कार्की (महाजात्रा), 'हिरा' सर्वोत्कृष्ट चलचित्र पुरस्कार महाजात्रा र 'प्रकाश' सर्वोत्कृष्ट निर्देशक पुरस्कार प्रदीप भट्टराई (महाजात्रा)लाई प्रदान गरिएको थियो ।

# लुक्लामा पासाङल्हामु स्मृति 'ग्यालरी' स्थापना



**सोलुखुम्बु–** राष्ट्रिय विभूति एवं पहिलो नेपाली महिला सगरमाथा आरोही पासाङल्हामु शेर्पाको स्मृति 'ग्यालरी' स्थापना गरिएको छ । उनको जीवनकालका काम र उपलब्धि स्मरण गराउने उद्देश्यले खुम्बु पासाङल्हामु गाउँपालिका-२ लुक्लामा स्मृति 'ग्यालरी' स्थापना गरिएको हो ।

पासाङल्हामु पर्वतारोहण प्रतिष्ठानले निर्माण गरेको उक्त 'ग्यालरी'को खुम्बु पासाङल्हामु गाउँपालिका-४ का वडाध्यक्ष लक्ष्मण अधिकारीले लामा विधिबाट पूजापाठ गरी उद्घाटन गरे । 'ग्यालरी'मा शेर्पाको सन् १९६१ देखि सन् १९९३ सम्मको जीवनकालका गतिविधि र हिमाल आरोहणको इतिहास समेटिएको छ । शेर्पाले गरेको लैंगिक समानता र नेतृत्वको भावलाई सरकारले गरेको सम्मान र उपलब्धिहरू ग्यालरीमा समावेश गरिएको प्रतिष्ठानका महासचिव छेटु शेर्पाले जानकारी दिए ।

उनको जन्मस्थल खुम्बु पासाङल्हामु गाउँपालिकामा भविष्यमा पासाङल्हामु संग्रहालय स्थापना गर्ने लक्ष्यसहित उक्त कार्यको सुरुआतस्वरूप 'ग्यालरी' स्थापना गरिएको प्रतिष्ठानले जनाएको छ । उद्घाटनकै दिन स्वदेशी तथा विदेशी गरी ५०० भन्दा बढी पर्यटकले 'ग्यालरी' अवलोकन गरेका छन् । प्रतिष्ठानले लुक्लासँगै पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा पनि पासाङल्हामु 'ग्यालरी' स्थापना गर्ने तयारी गरेको छ ।

'पासाङल्हामुले सन् १९९३ अप्रिल २२ का दिन पहिलोपटक सगरमाथाको आरोहण गर्नुभएको थियो । उनको सगरमाथा आरोहण गर्ने पहिलो नेपाली महिला हुनुहुन्थ्यो,' प्रतिष्ठानका महासचिव शेर्पाले भने, 'ग्यालरीमा राष्ट्रिय विभूति शेर्पाको सम्पूर्ण जानकारीसँगै सगरमाथा आरोही नेपाली महिलाहरू र प्रख्यात महिला आरोहीहरूको जानकारी समावेश गरिएको छ ।'

हालसम्म ६१ जना नेपाली महिलाले सगरमाथा आरोहण गरिसकेका छन् । पासाङल्हामु पर्वतारोहण प्रतिष्ठानले नेपालमै पहिलोपटक 'इन्डोर वाल क्लाइम्बिङ सेन्टर' स्थापना गरी पर्वतारोहणको प्रवर्द्धन र लुक्लामा पासाङल्हामु निकोल निकी अस्पताल सञ्चालन गर्दै आएको छ । *रासस*



# रियाल १५औं पटक युरोपियन च्याम्पियन




**एजेन्सी–** स्पेनिस क्लब रियाल मड्रिडले कीर्तिमानी १५औं पटक युरोपियन च्याम्पियन्स लिगको उपाधि जितेको छ । शनिबार राति इंग्ल्यान्डको वेम्बली रंगशालामा भएको फाइनल खेलमा जर्मन क्लब बोरुसिया डर्टमन्डलाई २-० ले हराउँदै रियालले उपाधि हात पारेको हो ।

यससँगै रियाल सबैभन्दा धेरै १५ पटक च्याम्पियन्स लिगको उपाधि जित्ने टोली बनेको छ । रियालपछि इटालियन क्लब एसी मिलानले सातपटक उपाधि जितेको छ । बायर्न म्युनिख र लिभरपुलले समान छ पटक तथा बार्सिलोनाले पाँच पटक च्याम्पियन्स लिगको उपाधि जितेको छ ।

रियाललाई १५औं उपाधि दिलाउन डानी कार्भाजाल र भिनिसियस जुनियरले एक/एक गोल गरे । पहिलो हाफ गोलरहित बराबरीमा सकिएकोमा रियालले दुवै गोल दोस्रो हाफमा गरेको हो । कार्भाजालले टोनी क्रुसको पासमा ७४औं मिनेटमा गोल गर्दै रियाललाई अग्रता दिलाएका थिए । क्रुसको रियालबाट यो नै अन्तिम खेल हो । सन्यास घोषणा गरेका उनले अब जर्मनीको राष्ट्रिय टोलीबाट युरोकपमात्र खेल्ने छन् । रियालको दोस्रो गोल भिनिसियस जुनियरले ८३औं मिनेटमा गरे । जुड वेलिंघमको पासमा उनले गोल गरेका हुन् ।

पहिलो हाफमा पाएका केही उत्कृष्ट अवसरमा गोल गर्नबाट चुक्दा डर्टमन्ड उपाधिविमुख हुनुपऱ्यो । डर्टमन्डले सन् १९९७ मा उपाधि जितेयता सन् २०१३ मा फाइनलमा स्थान बनाएको थियो ।

# म्याग्दीको दग्नाममा ४० लाख खर्चेर बनाइयो खेलमैदान



म्याग्दी- जिल्लाको रघुगंगा गाउँपालिका-४ दग्नाममा खेलमैदान निर्माण भएको छ । दग्नामको एकता युवा क्लबले गाउँपालिका, प्रदेश सरकार, जलविद्युत् आयोजना र स्थानीयवासीको सहयोग जुटाएर प्यारापिटसहितको खेलमैदान निर्माण गरेको हो ।

चालीस लाख रूपैयाँको लागतमा १०० मिटर लम्बाइ र ५० मिटर चौडाइ भएको खेलमैदान निर्माण भएको क्लबका अध्यक्ष मनोज तिलिजाले बताए । 'व्यवस्थित खेलमैदान बनेपछि विद्यालय परिसर र खेतबारीमा खेलअभ्यास तथा प्रतियोगिता सञ्चालन गर्नुपर्ने समस्या हटेको छ,' उनले भने । खेलाडीलाई फुर्सदको समयमा व्यायाम, खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्न सहज भएको छ । गण्डकी प्रदेश सरकारको १५ लाख रूपैयाँ सहयोगमा ढलान गरिएको खेलमैदानमा अपर र मंगले राहुघाट जलविद्युत् आयोजनाको प्रवर्द्धक तुण्डी हाइड्रोपावरको १४ लाख रूपैयाँ बजेटमा स्टेज निर्माण भएको अध्यक्ष तिलिजाले बताए । *रासस*

# नन्दालाई अमेरिकामा दोहोरा स्वर्ण




**काठमाडौं (प्रस)–** नेपाली तेक्वान्दो खेलाडी नन्दा बस्यालले कुकिवन कप युएसए च्याम्पियनसिपमा दोहोरो स्वर्ण पदक जितेकी छन् । अमेरिकाको न्युजर्सीमा भएको प्रतियोगिताको महिला ५० वर्षमुनि फ्री स्टायल ब्रेकिङ र ओपन डिभिजन पुम्सेमा नन्दाले स्वर्णपदक जितेको राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले जनाएको छ ।

राखेपको कार्यकारी समितिको सदस्यसमेत रहेकी नन्दाले १० महिनाको अवधिमा जितेको यो तेस्रो स्वर्ण पदक हो । यसअघि नन्दाले गत साउनमा दक्षिण कोरियामा भएको स्योङ्नाम विश्व हान्मादाङ अन्तर ाष्ट्रिय तेक्वान्दो प्रतियोगितामा पनि स्वर्ण जितेकी थिइन् ।

विश्वकप क्रिकेट

# पहिलो खेलमा अमेरिकाले क्यानडालाई हरायो



**काठमाडौं (प्रस)–** आरोन जोन्सको उत्कृष्ट ब्याटिङमा अमेरिकाले आइसिसी टी ट्वान्टी विश्वकप-२०२४ को पहिलो खेलमा क्यानडालाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ । अमेरिकाको डालसस्थित ग्रान्ड प्रेरी क्रिकेट रंगशालामा आइतबार भएको खेलमा अमेरिकाले क्यानडालाई सात विकेटले पराजित गरेको हो । खेलमा क्यानडाले दिएको १९५ रनको बलियो लक्ष्य पछ्याएको अमेरिकाले १७.४ ओभरमा तीन विकेट गुमाउँदै पूरा गऱ्यो ।

अमेरिकाको जितमा आरोन जोन्सले सर्वाधिक ९४ रनको योगदान दिए । उनले ४० बलमा चार चौका र १० छक्काको मद्दतमा 'नटआउट' हुँदै (अविजित) ९४ रन बनाएका हुन् । एन्ड्रिस गौसले ४६ बलमा सात चौका र तीन छक्कासहित ६५ रन जोडे । कप्तान मोनांक पटेलले १६ रन बनाए । बलिङतर्फ क्यानडाका कलिम साना, डिलोन हेलिगर र निखिल दत्तले समान एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको क्यानडाले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १९४ रनको योगफल बनाएको थियो । क्यानडाका लागि ओपनर नवनीत धालिवालले सर्वाधिक ६१ रनको योगदान दिए । उनले ४४ बलमा छ चौका र तीन छक्कासहित ६१ रन बनाएका हुन् ।

क्यानडाका लागि निकोलस किर्टोनले ३१ बलमा तीन चौका र दुई छक्कासहित ५१ रन बनाए भने श्रेयस मोभ्भाले १६ बलमा दुई चौका र दुई छक्कासहित ३२ रनको योगदान दिए । साथै आरोन जोनसनले १६ बलमा पाँच चौकाको मद्दतमा २३ रन बनाए भने दिलप्रित बजवाले ११ रन बनाए । परगत सिंह पाँच रनमा आउट भएका हुन् । अमेरिकाका अली खान, कोरी एन्डरसन र हरम्रित सिंहले समान एक/एक विकेट लिए । उक्त विश्वकप प्रतियोगितामा अमेरिका समूह 'ए' मा रहेको छ । अमेरिकाको समूहमा क्यानडासँगै आयरल्यान्ड, भारत र पाकिस्तान छन् । अमेरिकाले आफ्नो दोस्रो खेल यही जुन ६ तारिखमा पाकिस्तानसँग खेल्ने छ ।

### इरानमा नयाँ राष्ट्रपतिका लागि निर्वाचन

# पूर्वराष्ट्रपतिको उम्मेदवारी



तेहरान- इरानका कट्टरपन्थी पूर्वराष्ट्रपति महमुद अहमदीनेजादले यसै महिना हुने राष्ट्रपतीय निर्वाचनका लागि आइतबार उम्मेदवारी दर्ता गराएका छन् । गत मे १९ मा हेलिकप्टर दुर्घटनामा परी मृत्यु भएका राष्ट्रपति इब्राहिम रायसीको स्थानमा आगामी जुन २८ मा मतदान हुँदै छ ।

सन् २००५ देखि २०१३ सम्म इरानी राष्ट्रपतिका रूपमा लगातार दुई कार्यकाल सम्हालेका ६७ वर्षीय अहमदीनेजादले विशेषगरी इरानको आणविक कार्यक्रम र इजरायलको बारेमा उनको भड्काउपूर्ण टिप्पणीलाई लिएर पश्चिमा मुलुकहरूसँगको सम्बन्धमा गतिरोध देखिएको थियो । राष्ट्रपति पदका सबै आकांक्षीहरूजस्तै उनको उम्मेदवारी पनि सार्वजनिक पदका लागि सबै उम्मेदवारहरूको निगरानी गर्ने १२ जना न्यायविद्हरूको रूढिवादी प्रभुत्व भएको संस्था गार्जियन काउन्सिलको अनुमोदनको पर्खाइमा छ ।

यसअघि सन् २०२१ र २०१७ को चुनावमा राष्ट्रपतिको दौडमा भाग लिनका लागि अहमदीनेजाद अयोग्य घोषित भएका थिए । 'राष्ट्रिय क्षमताको अधिकतम उपयोग गरेर देशका सबै समस्या समाधान गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु,' आइतबार गृह मन्त्रालयमा आफ्नो उम्मेदवारी दर्ता पेस गरेपछि उनले भने । सन् २००५ मा, अहमदीनेजादले इरानको कट्टर सत्रु इजरायललाई 'मानचित्रबाट सफाया' गर्न लागेको र प्रलय एक 'मिथक' भएको बताएपछि उनले विश्वव्यापी बदनामी कमाएका थिए ।

सन् २००९ मा अहमदीनेजादको विवादास्पद पुनर्निर्वाचनको विरोधमा देशव्यापी विरोध प्रदर्शनहरू भए र राज्यको प्रतिक्रियाले दर्जनौंको मृत्यु भयो र हजारौं गिरफ्तारीहरू भए । राष्ट्रपति पदको उम्मेदवारी दर्ताका लागि बिहीबार दर्ता खुला भएको थियो भने आज (सोमबार) बन्द हुने छ । संसद्का पूर्वसभामुख अली लारिजानी, पूर्वआणविक वार्ताकार सइद जलीलीलगायत अन्य प्रमुख व्यक्तित्वले पनि आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । गार्जियन काउन्सिलले आफ्नो परीक्षण प्रक्रिया पूरा गरेपछि जुन ११ मा उम्मेदवारको अन्तिम सूची सार्वजनिक गर्ने छ । *रासस/एएफपी*

# इन्डोनेसियामा ज्वालामुखी विष्फोट



hsftf{ पूर्वी इन्डोनेसियामा आइतबार ज्वालामुखी विष्फोट भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । विष्फोटपछि सात किलोमिटर माथि आकाशमा खरानीले बादलजस्तै ढाकेको सामाजिक सञ्जाल र स्थानीय सञ्चारमाध्यमद्वारा सार्वजनिक तस्बिर तथा भिडियोमा देख्न सकिन्छ ।

यो ज्वालामुखीबाट यस वर्षको सुरुदेखि अहिलेसम्म भएका करिब १०० वटा विष्फोटको पछिल्लो घटना हो । उत्तरी मालुकु प्रान्तको हलमहेरा टापुमा रहेको माउन्ट इबुमा स्थानीय समयअनुसार दिउँसो १२:४५ बजे विष्फोट हुँदा खरानीको बाक्लो बादल हावाले धेरै माथि र टाढासम्म पुगेको भूगर्भ विभागका प्रमुख मोहम्मद वाफिदले बताए ।

मे महिनाको मध्यदेखि देशको उच्च सतर्कता तहमा रहेको ज्वालामुखीबाट निस्केको विष्फोट छ मिनेट १३ सेकेन्डसम्म चलेको उनले बताए । राष्ट्रिय विपद् न्यूनीकरण एजेन्सी (बिएनपिबी) का प्रवक्ता अब्दुल मुहारीले आइतबार एक विज्ञप्ति जारी गर्दै ज्वालामुखीको निगरानी केन्द्र र त्यसको छेउमा रहेको उद्धारगृहतर्फ हावाले खरानी पुऱ्याएको तर उद्धार गरिएका व्यक्तिमा कुनै त्रास नरहेको उनले बताएका छन् ।

'मानिसहरूलाई बाहिरी गतिविधिबाट जोगिन र घरभित्र आश्रय लिन सल्लाह दिइएको छ भने बालुवा मिसिएको खरानी अझै पनि वर्षा भइरहेको छ,' अब्दुलले बताए । उनले श्वासप्रश्वासमा समस्या आउन नदिन मास्कको प्रयोग गर्न आग्रह गरे ।

मे १६ मा ज्वालामुखीलाई उच्च सतर्कता तहमा पुऱ्याइएपछि अधिकारीहरूले स्थानीय र पर्यटकहरूलाई ज्वालामुखीको केन्द्र चारदेखि सात किलोमिटर (२.५-४.३ माइल) को बीचमा बहिष्करण क्षेत्रमा प्रवेश नगर्न चेतावनी दिएका थिए । स्थानीय विपद् न्यूनीकरण निकायको तथ्यांकअनुसार अधिकारीहरूले त्यसको केही समयपछि नै त्यहाँका बासिन्दालाई सुरक्षित स्थानमा सार्न सुरु गरेका थिए भने आइतबारसम्म दुई हजार ५०० भन्दा बढी मानिसहरूलाई आश्रयस्थलमा सारिएको थियो ।

इबु इन्डोनेसियाको सबैभन्दा सक्रिय ज्वालामुखी स्थलमध्ये एक हो । यहाँ गत वर्ष २१ हजारभन्दा बढी विष्फोट भएका थिए । जियोलोजी एजेन्सीका अनुसार इबुमा सन् २०२३ मा दैनिक औसत ५८ वटा विष्फोट भएका थिए । *रासस/एएफपी*

## हृदयघातका कारण मतदानमा खटिएका ३३ कर्मचारीको मृत्यु

**लखनऊ, भारत–** देशभर बढिरहेको गर्मीका बीच भारतमा निर्वाचनको अन्तिम दिन एकै राज्यका ३३ जना मतदान स्थलमा खटिएका कर्मचारीहरूको हृदयघातका कारण मृत्यु भएको एक शीर्ष निर्वाचन अधिकारीले आइतबार बताएका छन् ।

भारतको विभिन्न ठाउँमा ४५ डिग्री सेल्सियसभन्दा माथिको तापक्रमका कारण धेरै जनाको मृत्यु भएको खबर आइरहेको छ । एक दिनमा दर्जनौं कर्मचारीहरूको मृत्युको यो खबर आएको हो । भारतीय मौसम विज्ञान विभाग (आइएमडी) का अनुसार उत्तर प्रदेशको झाँसीमा तापक्रम ४६.९ डिग्री सेल्सियस पुगेको छ ।

सातौं तथा अन्तिम चरणको मतदान शनिबार समाप्त भएको उत्तर प्रदेशका प्रमुख निर्वाचन अधिकारी नवदीप रिन्वाले गर्मीका कारण ३३ जना मतदानकर्मीको मृत्यु भएको बताए । तथ्यांकमा सुरक्षा गार्ड र सरसफाइ कर्मचारीहरू समावेश रहेका थिए । 'मृतकको परिवारलाई १५ लाख भारतीय रूपैयाँ (अठार हजार अमेरिकी डलर) को आर्थिक क्षतिपूर्ति प्रदान गरिने छ,' रिन्वाले पत्रकारहरूलाई बताए । *रासस/एएफपी*

## कुवेतका अमिरले घोषणा गरे नयाँ युवराज

**कुवेत सिटी–** कुवेतका अमिरले राजगद्दी सम्हालेको छ महिनापछि र संसद् निलम्बन गरेको केही हप्तापछि शनिबार नयाँ युवराजका रूपमा शेख सबाह खालिद अल-हमाद अल-सबाहको नाम सार्वजनिक गरेका छन् ।

सन् २०११ देखि २०१९ सम्म खाडी मुलुकको विदेशमन्त्री र सन् २०२२ सम्म प्रधानमन्त्री भइसकेका ७१ वर्षीय शेख राजनीतिक एवं कूटनीतिक जगतमा अनुभवी व्यक्ति मानिन्छन् । गत मे महिनामा ८३ वर्षीय अमिर शेख मेशाल अल अहमद अल सबाहले निर्वाचनको छ हप्तापछि संसद् विघटन गरेपछि कुवेतमा नयाँ राजनीतिक उथलपुथल मच्चिएको थियो । उनले संविधानका केही प्रावधान पनि निलम्बन गरेका थिए ।

गत डिसेम्बरमा राष्ट्रप्रमुखको जिम्मेवारी सम्हालेपछि उनले दोस्रो सरकार गठन गरी जिम्मेवारी तोकेका थिए । अन्य खाडी मुलुकहरूको तुलनामा कुवेतमा प्रभावशाली संसद् छ भने अधिकांश शक्ति राजपरिवारमा छ । सांसदहरूसँग अधिकार भए पनि सरकारसँग उनीहरूको नियमित लडाइँले बारम्बार संकट निम्त्याउँछ । कुवेतसँग विश्वको करिब सात प्रतिशत तेल भण्डार छ र यो देशमा विश्वको सबैभन्दा ठूलो सार्वभौम सम्पत्ति कोष रहेको छ । तर, हालैका वर्षहरूमा कुवेतले आफ्नो अर्थतन्त्रलाई तेलमा निर्भरताबाट टाढा राख्न संघर्ष गरिरहेको छ । *रासस/एएफपी*

## उत्तर कोरियाबाट फोहोर भरिएका थप ६०० बेलुन दक्षिणतर्फ पठाइयो

**सियोल–** उत्तर कोरियाले करिब ६ सय फोहोरले भरिएका बेलुनहरू सीमामा पठाएको सियोलको सेनाले आइतबार बताएको छ । सुरक्षाकर्मीहरूले चुरोटका बट्टादेखी प्लास्टिकसम्म रहेको उक्त फोहोरको बेलुन संकलन गरेका छन् । 'उत्तर कोरियाले शनिबार साँझ ८ बजेदेखि दक्षिण कोरियातर्फ पुनः फोहोरका बेलुनहरू पठाउन सुरु गरेको हो,' सियोलको ज्वाइन्ट चिफ्स अफ स्टाफ(जेसिएफ) ले एक विज्ञप्तिमा बताएको छ ।

आइतबार बिहान करिब १० बजेसम्म प्रतिघण्टा लगभग २० देखि ५० का दरले लगभग ६०० बेलुन हावामा उडिरहेको पहिचान गरिएको थियो । बेलुनहरू राजधानी सियोल र ग्योन्गी छेउछाउका क्षेत्रसहित दक्षिण कोरियाको उत्तरी प्रान्तहरूमा अवतरण गरिरहेका छन् । यो सामूहिक रूपमा दक्षिणको लगभग आधा जनसंख्या बसोबास गर्ने क्षेत्र हो ।

उत्तर कोरियाले यस हप्ताको सुरुबाट फोहोर बोकेका सयौं बेलुनहरू दक्षिणतर्फ पठाउन थालेको हो । सियोलले प्योङहाङको उक्त कार्य तुच्छ भएको भन्दै यदि यस्तो तर्कहीन उक्साहट नरोके कडा प्रतिकारको चेतावनी दिएको छ । *रासस/एएफपी*


**बागमती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**झुरझुरे, मकवानपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०२/२१**

यस कार्यालयको प्रथम पटक मिति २०८०/११/२२ गते राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को E–Procurement Portal मा समेत प्रकाशित सुचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्य तपसिल बमोजिम बोलपत्र न्यूनतम मुल्याङ्कित र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सबै बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र.सं. | बोलपत्र नं | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना | प्रस्तावित रकम (VAT सहित ) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | BRM/NCB/WORKS/008/080/081 | Construction of Student Hostel Building At Janta Secondary School Bagmati-8 | Sundar Nepal-Syarsekali JV | 3,30,59,870.75/- | |

**प्रमुख प्रशासकीय अधिकृत**



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UPCOMING ENGINEERING CONTRACTING COMPAN
पुर्व स्वीकृति मिति २०८१/०२/१८ | LT No.305634 | चलानी नं. ६०२२०३७८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



# कतार/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARHABA BEAUTY SALOON WLL
पूर्व स्वीकृति मिति २०८१/०२/२० | LT. No. 305674 | चलानी नं. ६०२२०४२५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautican | 0 | 5 | 1700 | ६२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Women Hairdresser | 0 | 3 | 1700 | ६२,३०५ | | | | | | | |

कम्पनी : JUNGLE ZONE
पूर्व स्वीकृति मिति २०८१/०२/२० | LT. No. 305673 | चलानी नं. ६०२२०४२६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Services Employee | 1 | 2 | 1000 | ३६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al SNDOQ AL AKHDAR PLASTER TILES & CONCRETE CARPENTER CONT
पूर्व स्वीकृति मिति २०८०/११/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/२० | LT. No. 301346 | चलानी नं. ६०२१६२६१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 5 | 0 | 1200 | ४३,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer Assistant | 5 | 0 | 1100 | ३९,५८० | | | | | | | |
| 3 | Brick Mason | 7 | 0 | 1200 | ४३,१७५ | | | | | | | |
| 4 | Brick Mason Assistant | 5 | 0 | 1100 | ३९,५८० | | | | | | | |
| 5 | Construction Carpenter | 18 | 0 | 1200 | ४३,१७५ | | | | | | | |
| 6 | Ordinary Labourer/building Labourer/demolition Lab | 5 | 0 | 800 | २८,७८५ | | | | | | | |
| 7 | Reinforcing Fitter. | 2 | 0 | 1200 | ४३,१७५ | | | | | | | |
| 8 | Stone Mason | 8 | 0 | 1200 | ४३,१७५ | | | | | | | |
| 9 | Stone Mason Assistant | 1 | 0 | 1100 | ३९,५८० | | | | | | | |
| 10 | Tile Layer | 4 | 0 | 1200 | ४३,१७५ | | | | | | | |
| 11 | Tile Layer Assistant | 2 | 0 | 1100 | ३९,५८० | | | | | | | |
| 12 | Tile Polisher | 1 | 0 | 1200 | ४३,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Recruitment Group Pvt.Ltd.
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np



# MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : PALTONI RETAIL LTD
पुर्व स्वीकृति मिति : २०८१/०२/१८ | LT. No.305478 | चलानी नं. ६०२२०३८५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: MUR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operators | 100 | 0 | 16500 | ४७,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTAURANT MESTAD FOR MEALS
पूर्व स्वीकृति मिति २०८०/०२/१६ | LT. No. 305571 | चलानी नं. ६०२२०३८१

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 1500 | ५३,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RESTAURANT MESTAD FOR MEALS
पूर्व स्वीकृति मिति २०८०/०२/१८ | LT. No. 305613 | चलानी नं. ६०२२०३८०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलब: SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Helper | 1 | 0 | 2500 | ८८,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २८ गते (10th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gandaki Gurkhas Pvt. Ltd.
श्रम ईजाजत नं. ६३०/०६३/०६४
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



# वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४२००० | प्रति तोला – १४१३०० | प्रति तोला – १८५० |

संसद्मा बजेटमाथि छलफल

## संशोधनमार्फत कार्यान्वयनयोग्य बनाउन माग

■ प्रभाव संवाददाता




**काठमाडौं–** सांसदहरूले सरकारले आगामी आर्थिक वर्ष संघीय संसद्मा आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तुत राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) संशोधन गरी कार्यान्वयनमुखी बनाउनुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा बजेटमाथिको सामान्य छलफलका क्रममा सांसदहरूले बजेटमा संशोधन नहुने हो भने संसद्मा छलफल गर्नुको अर्थ नरहने धारणा राखेका छन् ।

'बजेटमा कुनै पनि संशोधन गर्न सक्दैनौं भने हप्तौं लगाएर छलफल गर्नुको अर्थ छैन । कि त कानुन संशोधन गरौं कि त बजेट प्रस्तुत गरेपछि सीधै निर्णयार्थ प्रस्तुत गर्ने व्यवस्था गरौं,' सांसद श्यामकुमार घिमिरेले भने । पछिल्ला वर्षहरूमा सार्वजनिक ऋण अत्यधिक बढेको उल्लेख गर्दै सांसद घिमिरेले सरकारले ऋण लिएर त्यसको खर्च पुँजी निर्माणका क्षेत्रमा हुन नसकेको बताए । सांसद बिनिता कठायतले कर्णाली प्रदेशको रारालगायत पर्यटकीय क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुन नसकेको बताइन् । विकासका दृष्टिले पछाडि परेको कर्णाली प्रदेशलाई बजेटको प्राथमिकतामा राख्नुपर्ने माग उनको छ । कर्णालीका उत्पादनको 'ब्राण्डिङ'का लागि पर्याप्त बजेट विनियोजन हुनुपर्नेमा उनले जोड दिइन् ।

सांसद तेजुलाल चौधरीले अहिले करिब २४ खर्ब रूपैयाँ हाराहारीमा सार्वजनिक ऋण पुगिसकेको अवस्थामा ठूलो आकारको बजेट ल्याउने र घाटा बजेट पूर्ति गर्नका लागि ऋण उठाउने प्रवृत्तिले प्रश्रय पाइरहेको बताए । मानव विकास सूचकांकमा पछाडि परेका कर्णाली र मधेस प्रदेशलाई न्यून बजेट विनियोजन भएको उनको गुनासो छ । सांसद प्रतिमा गौतमले विनियोजित बजेटले पुँजी निर्माण र विकास बजेटलाई प्राथमिकता नदिएको बताइन् । उनले भनिन्, 'आर्थिक समृद्धिको कुरा गरिरहँदा आर्थिक पुनःसंरचनालाई चासो दिइएन । पहिलो चरणको आर्थिक पुनःसंरचना भएको तीन दशक बितिसकेको छ । तर, आर्थिक पुनःसंरचनाको आँट पहिला र अहिलेका अर्थमन्त्रीले गर्न सकेनन् ।'

विकास र समृद्धि खोज्ने तर पुँजी निर्माण नगरिँदा हामी गन्तव्यमा नपुगिने भन्दै उनले हालको नियमित खर्च नै राजस्वले धान्न नसक्ने अवस्थामा विकास खर्च कसरी हुन्छ भनी प्रश्न गरिन् । उनले बजेट सकारात्मक रहे पनि कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउन जरुरी भएको उल्लेख गरिन् ।

सांसद हेमराज राईले आगामी आर्थिक वर्षको बजेटले मुलुकको अर्थतन्त्रलाई गति दिने बताए । निजी क्षेत्रको मनोबल बढाउनेगरी बजेट आएको उनको भनाइ छ । त्यस्तै, अर्थतन्त्र सुधारका लागि कृषि क्षेत्रलाई बजेटको प्राथमिकतामा राखिएको र ऊर्जा, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रलाई पनि उत्तिकै महत्त्व दिइएको सांसद राईले बताए । सांसद ज्ञानु बस्नेत सुवेदीले शिथिल अर्थतन्त्रलाई गति दिनेगरी बजेट आएको दाबी गरिन् । आन्तरिक उत्पादन बढाउने तथा उद्यमशीलता विकास गर्नेगरी बजेट आएको उनको भनाइ छ । सूचना प्रविधि क्षेत्रलाई मुलुकको अर्थतन्त्र डोऱ्याउने क्षेत्रका रूपमा बजेटले पहिचान गरेको उनले बताइन् ।

### कार्यान्वयनको जटिलता हटाउन जोड

**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाको आइतबारको बैठकमा सांसदहरूले सरकारको आगामी आर्थिक वर्षको बजेटको पक्ष र विपक्षमा आफ्नो धारणा राखेका छन् । अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको 'आर्थिक वर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरियोस्' भन्ने प्रस्तावमाथि छलफलमा भाग लिँदै उनीहरूले विशेषगरी कार्यान्वयनको पाटोलाई विशेष ध्यान दिन आग्रह गरे ।

सांसद झक्कुप्रसाद सुवेदीले कृषि क्षेत्र, भौतिक पूर्वाधार, ऊर्जा, पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको तथ्य पेस गर्दै बजेटले राष्ट्रिय आवश्यकतालाई ख्याल गरेको बताए । रोजगारीलाई विशेष प्राथमिकतामा राखिएको तथा आर्थिक सुधारलाई विशेष ध्यान दिएकाले बजेट वस्तुनिष्ठ रहेको उनको दाबी छ ।

सांसद भुवनबहादुर सुनारले विगतमा बन्द भएका उद्योग प्रतिष्ठान पुनःसञ्चालन गर्ने, आयात निरुत्साहना गर्ने लक्ष्यका साथ बजेटले विशेष प्राथमिकतामा राखेको, ग्रामीण विकास कार्यक्रमलाई महत्त्व दिएको बताए । सांसद सुरेश आलेमगरले नेपाललाई सूचना प्रविधिको केन्द्र बनाउने उद्देश्यका साथ सरकारले आगामी आवको बजेट प्रस्तुत गरेको, वैदेशिक रोजगारीबाट फर्केकालाई उद्यमी बनाउने योजना अगाडि सारेकामा प्रसन्नता व्यक्त गरे । देशभर निर्माण गरिएका विमानस्थल सञ्चालनको मोडालिटी के ? भन्ने प्रश्न गर्दै त्यसमा ध्यान दिन उनले आग्रह गरे ।

छलफलमा भाग लिँदै सांसद उर्मिला अर्यालले सामाजिक न्यायको अभिवृद्धि, गरिबी न्यूनीकरण, स्रोत व्यवस्थापन, आर्थिक वृद्धिको लक्ष्यलाई ख्याल गर्नुपर्ने बताइन् । आर्थिक वृद्धिदरको लक्ष्यलाई बजेटले कसरी सम्बोधन गर्ला ? भन्ने जिज्ञासा राख्दै उनले रोजगारी र गरिबी न्यूनीकरणका लागि के कसरी काम गर्ला भन्नेमा सरकारले प्रस्ट जवाफ दिनुपर्ने उल्लेख गरिन् । सांसद दुर्गा गुरुङले सुन्दा बजेट राम्रो भए पनि कार्यान्वयनमा आशंका रहेको बताइन् । उनले पुँजीगत खर्च हुन नसकेको, राजस्व वृद्धि हुन नसकेको अवस्थामा ठूलो आकारको बजेटले उत्साह नभई निराशामात्रै बढाउने आरोप लगाइन् ।

सांसद नारायणदत्त मिश्रले अर्थ मन्त्रालयमा राखिएको अबण्डा बजेट कहाँ खर्च गरिन्छ ? भन्ने प्रश्न गर्दै निजी क्षेत्रलाई आश्वस्त बनाएर अगाडि बढ्नुपर्ने बताए । कृषि र स्वास्थ्य क्षेत्रमा चालु आवको तुलनामा बजेट घटाइएकामा उनले गुनासो गरे । उनले हरेक वर्षको बजेटमा रुग्ण उद्योग सञ्चालन गर्ने उल्लेख गरिए पनि कार्यान्वयन नभएको गुनासो गरे ।

सांसद विष्णुकुमारी सापकोटाले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्नेगरी बजेटले विशेष ध्यान दिनुपर्ने, खेलकुद क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताइन् । सांसद तुलसाकुमारी दाहालले अर्थतन्त्रमा देखिएको शिथिलतालाई सम्बोधन गर्ने गरी बजेटमा विशेष प्रबन्ध गरिएको र विगतका सकारात्मक कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताइन् । उनले उद्देश्य र योजना राम्रो भए पनि कार्यान्वयन नहुँदा जटिलता आउने गरेको तथ्य स्मरण गराइन् ।

सांसद राजेन्द्रलक्ष्मी गैरेले महिलालाई आत्मनिर्भर बनाउने कार्यक्रम बजेटमा छ कि छैन ? भन्ने प्रश्न गर्दै लैंगिक उत्तरदायी बजेट जरुरी रहेको बताइन् ।



**अकबरे खुर्सानी खेती** | भोजपुर नगरपालिका–५ बोखिमका किसानले मल्चिङ प्रविधिबाट गरिरहेको अकबरे (डल्ले) खुर्सानी खेती ।

*तस्बिरः युवराज विष्ट/रासस*

## दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन सेयरबजार दोहोरो अंकले बढेको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १३.५१ अंकले बढेर दुई हजार ८३.०४ को बिन्दुमा कायम भएको हो ।




यस दिन ३२५ कम्पनीको ९६ लाख ९७ हजार २०६ कित्ता सेयर ६५ हजार ६५४ पटक खरिद बिक्री हुँदा चार अर्ब ३१ करोड १० लाख १५ हजार ६२९ रूपैयाँ बराबरको कारोबार भएको छ । आइतबारको कारोबारमा लगानी समूह ०.२३, उत्पादन तथा प्रशोधन २.४० र म्युचुअल फन्ड ०.०५ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा धेरै व्यापार समूहको ६.५६ र वित्त समूहको उपसूचक २.१७ प्रतिशतले बढेको छ । त्यस्तै, बैंकिङ १.११, विकास बैंक ०.२२, होटल तथा पर्यटन ०.४६ र जलविद्युत् १.२६ प्रतिशतले बढेको छ । जीवन बिमा समूह ०.७७, लघुवित्त समूह ०.५२ र अन्य समूह ०.९६ प्रतिशतले बढेको छ ।

मल्टिपर्पस फाइनान्स कम्पनी लिमिटेड र मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा परेको नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्य ९.१३ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा आइतबार सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको २२ करोड ६४ लाख १३ हजार २८ बराबरको तीन लाख ८२ हजार ३५ कित्ता सेयर किनबेच भएको छ ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक अस्पताल भद्रपुर
भद्रपुर, झापा
कोसी प्रदेश, नेपाल

स्वास्थ्य सम्बन्धी जनहितमा जारी सन्देश

१) गर्मीयाममा अपनाउनुपर्ने कुराहरू
क) सढेंगलेका बासी खानेकुराहरू नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरू ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ / खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन / आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४ / ६ / ८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔ ।

३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको बिगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नांगो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

(४) झाडापखलाबाट बच्न निम्न उपायहरू अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
(ङ) आफ्नो घर, आँगन सफा राखौं ।







कर्पोरेट

### विराटनगरमा हिमालयन बैंकको शाखा स्थानान्तरण



**काठमाडौं (प्रस)–** हिमालयन बैंक लिमिटेडको मोरङको विराटनगर-२ रोडशेष चोकमा रहेको शाखा स्थानान्तरण गरेको छ । हिमालयन बैंकले सिभिल बैंकलाई प्राप्ति गरेपश्चात् नजिक भएका शाखा सञ्जालहरूमध्ये विराटनगर-२ को शाखालाई स्थानान्तरण गरी रोडशेष चोक, विराटनगर महानगरपालिका वडा नं १२ बाट आइतबारदेखि रोडशेष चोक शाखा, विराटनगरको नामबाट सम्पूर्ण बैंकिङ सेवा प्रदान गरी सञ्चालनमा ल्याएको बैंकले जनाएको छ ।

बैंकको उक्त शाखाको उद्घाटन उद्योग वाणिज्य संगठन मोरङका अध्यक्ष राकेश सुराणा तथा बैंकका कोशी प्रदेशका प्रदेश प्रमुख सन्तोष पराजुलीले गरेका छन् ।

### मुक्तिनाथ बैंकका ग्राहकलाई 'स्काइ वाक टावर'मा विशेष छुट

**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्ना ग्राहकलाई थप सेवा दिन वन्डर्स नेपाल प्रालिसँग व्यावसायिक सम्झौता गरेको छ । वन्डर्स नेपालले काठमाडौंको कमलादीमा सञ्चालन गरेको 'स्काइ वाक टावर' को टिकट खरिदमा मुक्तिनाथ बैंकका ग्राहकलाई छुट प्रदान गर्ने गरी सम्झौता गरिएको हो ।

उक्त सम्झौतापश्चात् मुक्तिनाथ विकास बैंकका ग्राहकले स्काइ वाक टावरको टिकट खरिद गर्दा १५ देखि २० प्रतिशसम्म छुट प्राप्त गर्न सक्ने बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । छुट सुविधा प्राप्त गर्नका लागि बैंकका ग्राहकले मुक्तिनाथ विकास बैंकको डेबिट कार्ड वा मोबाइल तथा इन्टरनेट बैंकिङमार्फत टिकट शुल्क भुक्तानी गर्नुपर्ने बैंकले जनाएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ